
## बुढानीलकण्ठ नगरपालिका नक्सा




कुल क्षेत्रफलः ३५ वर्ग कि.मि.


**बुढानीलकण्ठ नगरपालिका**
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
ईमेल: budhanilkanthamun@gmail.com
वेबसाईट: www.budhanilkanthamun.gov.np


"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बुढानीलकण्ठ"

# वार्षिक नीति तथा कार्यक्रम
# आ.व. २०८३/०८४

## बुढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

# वार्षिक नीति तथा कार्यक्रम

# आ.व. २०८३/०८४

## बुढानीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**हात्तीगौडा, काठमाडौ**

**बागमती प्रदेश, नेपाल**

**आदरणीय नगर सभाका सदस्यज्यूहरू तथा उपस्थिति सम्पूर्ण महानुभावहरूमा**
**हार्दिक अभिवादन !**

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत स्थानीय तहलाई राज्य सञ्चालनको आधार स्तम्भका रूपमा स्थापित गरिएको छ। स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रूपमा चिनिन्छ, जसले जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने सेवा, विकास र सुशासन सुनिश्चित गर्ने जिम्मेवारी वहन गर्दछ । यसै सन्दर्भमा, १८ औं अधिवेशनको यो गरिमामय अवसरमा सम्पूर्ण नगरसभा सदस्यहरूलाई हार्दिक स्वागत गर्न चाहन्छौँ।

स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय बुढानीलकण्ठ नगरवासी आमा, बुबा, दाजु भाई तथा दिदीबहिनीहरू सबैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।
नगरपालिकाले स्थानीय आवश्यकताअनुसार दिगो विकास, समावेशीता र सुशासनलाई केन्द्रमा राख्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। यस नीति तथा कार्यक्रमको मूल उद्देश्य नगरवासीहरूको जीवनस्तर उकास्नु, स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्नु, र विकासका लाभहरू सबै वर्ग, क्षेत्र र समुदायमा समान रूपमा वितरण गर्नु हो । नगरपालिकाले "स्वच्छ, शान्त, समृद्ध, पयृटकिय नगर बुढानीलकण्ठ" भन्ने दीर्घकालीन सोचलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा आत्मसात् गरेको छ। यसका लागि दिगो पूर्वाधार विकास, सामाजिक सेवा विस्तार, आर्थिक सशक्तीकरण, वातावरणीय संरक्षण र सुशासन प्रवर्द्धन एंव संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखिएको छ।

नगरपालिकाको वर्तमान अवस्था, विगतका उपलब्धिहरू, चुनौतीहरू तथा अवसरहरूको वस्तुगत विश्लेषणका आधारमा यस नीति तथा कार्यक्रम तयार गरिएको हो । विगत वर्षहरूमा सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भए पनि अझै पनि केहि क्षेत्रमा सुधारको आवश्यकता रहेको छ। विशेष गरी बेरोजगारी, वातावरणीय जोखिम, सेवा प्रवाहमा सूचना प्रविधि, र स्रोत–साधनको सीमितता जस्ता चुनौतीहरूलाई सम्बोधन गर्न दीर्घकालीन र व्यवहारिक रणनीतिहरू आवश्यक छन्।

यस नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यहरूसँग सामञ्जस्य कायम गर्दै स्थानीय स्तरमा तिनको कार्यान्वयनमा जोड दिएको छ । साथै, जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण तथा अनुकूलन गर्न वातावरणमैत्री योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ। नगरपालिकाले समावेशी विकासलाई विशेष प्राथमिकता दिएको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति र पिछडिएका वर्गहरूको सशक्तीकरणका लागि लक्षित वर्ग कार्यक्रमहरूलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ। नव युवा वर्गलाई सीपमूलक तालिम, उद्यमशीलता विकास र रोजगारीका अवसरहरू सिर्जना गर्न विशेष कार्यक्रमहरू ल्याइनेछन्।

आर्थिक विकासतर्फ, कृषि, पर्यटन, साना तथा घरेलु उद्योगहरूको प्रर्वद्धनमार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्य राखिएको छ। कृषिमा व्यावसायीकरण र बजार पहुँच विस्तारका लागि सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ। पर्यटन क्षेत्रको विकासका लागि स्थानीय सम्पदा, संस्कृति र प्राकृतिक सौन्दर्यको प्रर्वद्धन गरिनेछ। यसले नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउने अपेक्षा गरिएको छ।

सुशासन र सेवा प्रवाह सुधार पनि यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकतामा रहेको छ । पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागितालाई प्रर्वद्धन गर्दै सेवा प्रवाहलाई सरल, छरितो र प्रभावकारी बनाइनेछ । सूचना प्रविधिको प्रयोगमार्फत डिजिटल सेवा विस्तार गरिनेछ, जसले सेवाग्राहीलाई सहजता प्रदान गर्नेछ । साथै, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक स्रोतको दुरुपयोग रोक्न कडा निगरानी प्रणाली अपनाइनेछ । संस्थागत सुदृढीकरणका लागि कर्मचारी क्षमता अभिवृद्धि, कार्यसम्पादन मूल्याङ्कन प्रणाली सुधार, र अन्तर–निकाय समन्वयलाई सुदृढ बनाइनेछ । स्थानीय तह, प्रदेश सरकार र संघ तथा प्रदेश सरकारबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउँदै विकास कार्यक्रमहरूको कार्यान्वयन गरिनेछ ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी संस्था, गैर–सरकारी संस्था तथा सम्पूर्ण नगरवासीहरूको सक्रिय सहभागिता आवश्यक रहनेछ । सामूहिक प्रयास र सहकार्यबाट मात्र समृद्ध र दिगो नगर निर्माण सम्भव हुने विश्वास नगरपालिकाले लिएको छ ।

आगामी वर्ष नगरको विकास यात्रालाई थप प्रभावकारी बनाउँदै वातावरणीय सन्तुलन तथा फोहोरमैला व्यवस्थापन र नवप्रवर्तनशील सोचका साथ  नगरवासीहरूको अपेक्षा पूरा गर्ने, विकासका लक्ष्यहरू हासिल गर्ने र समृद्ध, समावेशी तथा दिगो नगर निर्माणतर्फ अघि बढ्ने दृढ संकल्प यो नीति तथा कार्यक्रम मार्फत व्यक्त गर्दछु ।

**आदरणीय नगरसभा सदस्यहरू**

**आ.व.२०८३ /०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधार र प्राथमिकताहरू निम्नअनुसार निर्धारण गरेको छु ।**

**क. नीति तथा कार्यक्रम तर्जुमाका आधार**

१. संविधानले स्थानीय सरकारलाई सुम्पिएका दायित्व, राज्यको मूल नीति तथा निर्देशक सिद्धान्त, मानव अधिकार सवाल एवम् नागरिकको मौलिक हकको व्यवस्था
२. नेपाल सरकार तथा बागमती प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीति एवं क्षेत्रगत नीतिहरु
३. नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासको लक्ष्य
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित)
५. संघीय तथा बागमती प्रदेश सरकारबाट प्राप्त बजेटका साथै बजेट तर्जुमा गर्दा अनुसरण गर्नुपर्ने मार्गदर्शन
६. नगरपालिकाले स्वीकृत गरेका विभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरू
७. नगरपालिकाको दीर्घकालीन सोच एवं आवधिक योजना, मध्यकालीन खर्च संरचना (**MTEF**) र राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन
८. राजस्व परामर्श समितिको प्रतिवेदन
९. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमान
१०. बजेट तथा योजना तर्जुमा समितिले गरेका सिफारिस
११. नगरपालिकाका विभिन्न विषयगत समितिका प्रतिवेदन
१२. गत वर्ष सम्पन्न भएका नगरसभा बैठकका निर्णयहरू
१३. नगरकार्यपालिकाले योजना तर्जुमाका लागि लिएका आधार
१४. विभिन्न विषयमा विज्ञहरूसँग छलफल गर्दा प्राप्त भएका सुझाव
१५. महाशाखा तथा शाखा एवम् सम्वन्धित विज्ञहरूबाट प्राप्त राय सल्लाह र सुझाव
१६. अन्य स्थानीय तहहरूले अवलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्रम

**ख. नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्र**

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा
२. फलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास
३. सूचना प्रविधि र तिनको अधिकतम उपयोग
४. वन तथा वातावरण संरक्षण, फोहोरमैला तथा विपद् व्यवस्थापन
५. आर्थिक विकास र राजस्व परिचालन
६. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन
७. खानेपानी श्रोतको संरक्षण तथा व्यवस्थापन
८. सार्वजनिक जग्गाको संरक्षण
९. प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन
१०. भाषा, सस्कृति,कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास
११. उद्यम, स्वरोजगारी र सहकारीताको विकास
१२. युवा शक्ति तथा खेलकुदको प्रवर्द्धन
१३. कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण
१४. जनसांख्यिक लाभको उच्चतम उपयोग, समावेशीकरण, महिला तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरण

**आदरणीय नगरसभा सदस्यज्यूहरू**

नेपाल सरकार तथा बागमती प्रदेश सरकारका नीति तथा कार्यक्रम, १६ औं आवधकि योजना, बुढानीलकण्ठ नगरपालिकाको दोश्रो आवधिक योजना, दिगो विकासको लक्ष्य, बागमती प्रदेशको दोस्रो आवधिक योजना समेतलाई आधार मानी यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यसलाई कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारबाट प्राप्त स्रोत तथा आन्तरिक स्रोतको व्यवस्थापनबाट प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

## सामाजिक विकास

**क. जन स्वास्थ्य**

१. नगर अस्पताललाई नागरिक तथा जनमैत्री अस्पतालको रूपमा संस्थागत विकास गर्दै विज्ञ सेवा सहित सरल, सहज, प्रविधि मैत्री, सर्वसुलभ रुपमा २४ सै घण्टा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
२. बुढानीकण्ठ नगर अस्पतालमा Minor operation, दन्त सेवा, नवजात शिशु तथा बालरोग लगायतका सेवाहरु एवं विशेषज्ञ चिकित्सक सहितको OPD सेवा सञ्चालन गर्दै लगिनेछ।
३. सामाजिक सुरक्षा कोष (Social Security fund) बाट भुक्तानी हुने स्वास्थ्य सेवालाई कोषको कार्यालयसँग समन्वय गरी बुढानीलकण्ठ नगर अस्पतालसँग आवद्धता गरिनेछ।
४. नगर अस्पताल लगायत स्वास्थ्य चौकीहरुको पूर्वाधार, औषधी तथा उपकरणको व्यवस्था र संस्थागत सुधार गरी आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइने छ। साथै, विपन्न, अपाङ्ग, हिंसा पीडित, एच.आई.भि संक्रमित, द्वन्द पिडित ज्येष्ठ नागरिक लगायत लक्षित वर्गलाई सहुलियत पूर्ण उपचारको निरन्तरता दिइनेछ।

५. नसर्ने रोगको प्रकोप न्यूनीकरणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ। यसका लागि निदानात्मक र उपचारात्मक सेवा विस्तार गरिनेछ।

६. बर्थिङ्ग सेन्टरलाई स्तरीकरण गर्दै गर्भवती आमालाई निःशुल्क अल्ट्रासाउण्ड, गर्भ परीक्षण गर्ने कार्य, प्रसुती न्यानो झोला वितरण एंव मातृ शिशु स्याहार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

७. नगर अस्पताल र नगर भित्रका बर्थिङ्ग सेन्टरमा सुत्केरी भएका महिलालाई प्रसूति पोषण भत्ता एवं गर्भवती तथा आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. प्रत्येक वडाहरुमा बालबालिका, किशोर किशोरी, नवदम्पती, परिवार हेरचाह ज्येष्ठ नागरिकको लागि विशेष स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागू गरिने छ। साथै, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सहयोगी पुस्तिका वितरण गरिनेछ।

९. सवै वडामा लागु औषध दुर्व्यसन विरुद्ध रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगरपालिका भित्र सञ्चालित फार्मेसी, स्वास्थ्य संस्था, क्लिनिक तथा पूर्नस्थापना गृहहरुको नियमित अनुगमन नियमन गरी गुणस्तरिय सेवा सुनिश्चित गरिनेछ।

१०. विभिन्न पेशागत व्यवसायमा कार्यरत श्रमिकहरुलाई स्वास्थ्य परीक्षण, पेशागत स्वास्थ्य प्रवर्द्धन तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. नागरिक आरोग्य केन्द्र मार्फत दिइदै आएको सेवालाई थप व्यवस्थित र सुदृढीकरण गरी आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई प्राथमिकता सहित प्रभावकारी रुपमा सञ्चालन गरीने छ।

१२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको निरन्तर क्षमता अभिवृद्धि गर्दै, निजहरुको कार्यलाई प्रभावकारी बनाइनेछ। साथै, ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई निर्देशिकाको आधारमा सम्मानपूर्वक विदाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३. नगरपालिकामा स्थायी वसोबास गर्ने १८ देखि ६० वर्ष सम्मका सक्रिय उमेर समूहलाई नसर्ने रोगहरुको निःशुल्क पूर्वपरीक्षण गर्ने व्यवस्था मिलाइनेछ साथै जैविक प्रतिरोधात्मक (Anti-Microbial Resistance) सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गराइने छ।

१४. बुढानीलकण्ठ नगरपालिकाका सामूदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुको चमेना गृह नियमित अनुगमन गरी स्वस्थकर आहारको प्रत्याभूति गरीने छ।

१५. **"मेयरसँग ज्येष्ठ नागरिक कार्यक्रम"** अन्तर्गत ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको लागि विभिन्न संघसंस्थासँगको साझेदारीमा विशेषज्ञ चिकित्सकहरुद्धारा निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। सबै नागरिकहरुका लागि समयसमयमा बृहत स्वास्थ्य शिविर सञ्चालन एंव आँखा शिविर तथा निःशुल्क मोतिबिन्दु शल्यक्रिया व्यवस्थापन गरिनेछ।

१६. **विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत** सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको मुटु र मुख स्वास्थ्य परीक्षण, स्वास्थ्य प्रर्वद्धन, नसर्ने रोगको रोकथाम एवं अनुसन्धानात्मक कार्यहरु गरिनेछ। साथै यस कार्यक्रममा संस्थागत विद्यालयहरुसंग समेत साझेदारी गरिनेछ।

१७. नगरपालिकाको Digitalized Family Health Profile तयार गर्ने कार्यलाई नगरपालिकाको सवै वडामा सम्पन्न गरी नीति, कार्यक्रम तथा योजना तर्जुमासँग आवद्ध गरीनेछ।

१८. सुर्तीजन्य पदार्थ र मदिराजन्य पदार्थको विक्रि वितरणको नियमित अनुगमन गरी तोकिएको क्षेत्राधिकार भित्र रहि विक्रि वितरण गर्ने व्यवस्था सुनिश्चित गरिनेछ।

१९. नगर क्षेत्रभित्र स्थायी रुपमा वसोवास गर्ने आर्थिक रुपमा विपन्न बिरामीहरुको मुटु रोग, जलन भएकाको निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ। साथै जलन सम्बन्धी सचेतना कार्यक्रम सवै वडाहरुमा सञ्चालन गरिनेछ।

२०. क्षयरोग मुक्त नगरपालिका बनाउनका लागि जनस्वास्थ्यका विभिन्न कृयाकलाप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२१. वञ्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने र निरन्तता सेवा दिने, आमासमुह तथा महिलालाई सुदृढ गराउन सामुदायिक महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई थप उत्प्रेरित गरिनेछ।

२२. नगर अस्पतालमा निःशुल्क रुपमा पाठेघरको मुखको क्यान्सरको पूर्वपरीक्षण (VIA Screening), Breast cancer को पूर्वपरीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२३. चपली घुम्तीमा रहेको बुढानीलकण्ठ स्वास्थ्य चौकीको स्तरीकरण गरिनेछ र सुलभ फार्मेशी सञ्चालनमा ल्याइने छ।

२४. नगरवासीहरुलाई निःशुल्क रक्तसेवा उपलब्ध गराइनेछ। यसका लागि रक्तसञ्चारगृहसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

२५. सुरक्षित र सफा भान्छा कार्यक्रम मार्फत व्यक्तिगत तथा पारिवारिक स्वास्थ्यको लागि प्रर्वद्धनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, कीर्तिपुर जलन अस्पताल, DI Skin Hospital and Referral , HAMS Hospital, न्युरो अस्पताल बाँसवारी, वीर अस्पताल, KIOCH लगायत अस्पतालहरुसंगको सहकार्यमा निःशुल्क तथा सहुलियतपूर्ण स्वास्थ्य उपचार सेवा सुनिश्चित गरिनेछ।

२७. स्वास्थ्य प्रवर्द्धनात्मक कार्यहरु सामाजिक सञ्जालहरुमा Content Create गरी व्यापक प्रचार प्रसार एवं सचेतना अभिवृद्धि गरिनेछ।

## ख. शिक्षा

१. शैक्षिक उन्नयन वर्षलाई निरन्तरता दिइनेछ।

२. सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरमा सुधार गरी पहिलो रोजाइको विद्यालयका रुपमा सामुदायिक विद्यालयको विकास गरिनेछ।

३. सामुदायिक विद्यालय र संस्थागत विद्यालयबिचको साझेदारी र सहकार्यलाई निरन्तरता दिदै यी दुई प्रकारका विद्यालयबिचको खाडल न्यूनीकरण गरिनेछ।

४. सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गरि बालमैत्री विद्यालय घोषणा गरिनेछ।

५. **शिक्षक हो, शैक्षिक रुपान्तरणको अभिकर्ता** कार्यक्रम सञ्चालन गरिनेछ।

६. **आधारभूत शिक्षा, मेरो प्राथमिकता** भन्ने नारा सहित **म पढ्न चाहन्छु, मलाई पढ्न सहयोग गर** कार्यक्रम निरन्तरता दिईनेछ।

७. **प्रत्येक समुदाय, एक पुस्तकालय** कार्यक्रम अन्तर्गत पुस्तकालय सञ्चालन र व्यवस्थापन गरी ज्ञानमा आधारित समाजको विकास गर्न समुदाय स्तरबाट पठन संस्कृतिको विकास गरिनेछ।

८. सबै संस्थागत माद्यमिक विद्यालयहरुमा विद्यार्थी वृत्ति मार्गदर्शन कार्यक्रम सञ्चालन गरिनेछ र सबै सामुदायिक माद्यमिक विद्यालयहरुमा विद्यार्थी वृत्ति मार्गदर्शन सेवा केन्द्र स्थापना गरिनेछ।

९. सामुदायिक र संस्थागत विद्यालयलाई एकिकृत रुपमा मूल्यांकन गरी शिक्षक,विद्यालय र विद्यार्थी छनोट गरी प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०. आपसमा गाभिएर सञ्चालन हुन इच्छुक संस्थागत विद्यालयहरुलाई प्रोत्साहन प्रदान गरिनेछ । प्रत्येक संस्थागत विद्यालयमा न्यूनतम् पूर्वाधारको सुनिश्चितता गर्न आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

११. सबै विद्यालयहरुलाई सामाजिक सुरक्षा र राजस्व प्रणालीमा आवद्ध गरिनेछ ।

१२. अटिजम भएका विद्यार्थीहरुलाई विशेष केयर गरी अध्यापन गराउने शिक्षक तयार गर्न Kathmandu University र Tribhuvan University लगायतसँग साझेदारी गरी छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

१३. **मलाई अवसर देउ, म सिक्न सक्छु** कार्यक्रम सञ्चालन गरिनेछ । अटिज्म लगायतका शारीरिक मानसिक तथा बौद्धिक अपांगता भएका बालबालिकाहरुको शिक्षाको सुनिश्चतताका लागि अटिजम विद्यालय सञ्चालन गरिनेछ।

१४. **रमाइलो शुक्रबार** कार्यक्रमलाई सबै विद्यालयमा नतिजामूलक रुपमा कार्यान्वयन गरिनेछ। शिक्षासँग सीप उद्यमशिलता संस्कृति रोजगारी र समृद्ध बुढानीलकण्ठ कार्यक्रमलाई एक अर्काको अपरिहार्य बनाइ एकिकृत रुपमा सिक्दै कमाउँदै कार्यक्रम लागू गरिनेछ ।

१५. मातृभाषामा शिक्षा पाउने बालबालिकाको अधिकार सुनिश्चित गर्न क्रमशः आवश्यक प्रबन्ध गरिनेछ ।

१६. सामुदायिक र संस्थागत सबै विद्यालयमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयमा टिचिङ विथ केयरिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. संघ संस्थासंगको सहकार्यमा १४ ओटा विद्यालयमा शैक्षिक गुण स्तर अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८. माद्यमिक तहमा गणित, विज्ञान, अङ्ग्रेजी र सामाजिक शिक्षण सिकाइ सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१९. विशेष अवस्थामा रहेका बालबालिकाहरुको शैक्षिक यात्रालाई गन्तव्य बिन्दुमा पुर्याउने गरी विद्यालय तथा विभिन्न संस्थाबाट प्रदान गरिएको छात्रवृत्तिलाई अभिलेखिकृत गर्न छात्रबृत्ति बैंक सञ्चालनमा ल्याइने छ ।

२०. संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृति र शुल्कलाई वस्तुगत वैज्ञानिक र पारदर्शी बनाइनेछ। विद्यालय सेवा प्रवाह, विद्यार्थी र अभिभावक लगायत शैक्षिक सरोकारवालाहरुको गुनासो व्यवस्थापन गर्न विद्यालयमा अभिभावक वडापत्र र गुनासो सुनुवाई प्रणाली कार्यान्वयन गरिनेछ ।

२१. विद्यालय शिक्षाको गुणस्तर वृद्धी गर्न गुणस्तर परीक्षण कार्यक्रम कार्यान्वयन गरी सिकाई उपलब्धि शतप्रतिशत कायम गर्ने कार्यक्रम क्रमशः कार्यान्वयन गरिनेछ ।

२२. के पढने भन्ने विधीबाट कसरी पढने कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्न तालिम तथा सामाग्रीको व्यवस्था गरिनेछ ।

### ग. युवा

१. **"स्वदेशमा बसौ स्वदेशमा गरौ"** भन्ने नारा सहित युवाहरुको रुची र खुवीको आधारमा वृत्तिपथ निर्धारण गरी साइकोमेट्रिक टेष्ट र CTEVT द्वारा निर्धारित पाठ्यक्रममा आधारित सीप विकास तथा रोजगारमूलक तालिम लगायतका क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. स्थानीय स्तरमा रोजगारीका अवसर वृद्धि गरी युवा वेरोजगारीलाई न्यूनीकरण गर्न कक्षा १२ र स्नातक तहको परीक्षा दिइ वसेका विद्यार्थीहरुलाई विभिन्न साझेदार निकायहरुसँग सहकार्य गरी सिपमुलक तालिम तथा इन्टर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३. वृत्ति मार्गदर्शन सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरी रोजगार तथा वृत्ति मेलालाई नतिजामूलक बनाइनेछ ।

४. नगरपालिका भित्र रहेका प्रतिभाहरुको पहिचान गरी प्रतिभा विकास गर्नका लागि विद्यालयस्तर देखिनै 'बुढानीलकण्ठ प्रतिभा' कार्यक्रम सञ्चालन गरी राष्ट्रिय प्रतिभाको रुपमा विकसित गरिनेछ ।

५. किशोरी र गृहणी महिलाहरुलाई सिप तथा उद्यमशिलता विकास कार्यक्रम मार्फत आर्थिक उपार्जन एवं आत्मनिर्भर बनाउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरपालिका भित्रका युवाहरुलाई लक्षित गरी यहाँको सम्भावना र अवसरहरुको सञ्चार गर्न युवा परिषदमार्फत "बुढानीलकण्ठ युथ समिट" गरिनेछ । साथै अन्तरपुस्ता संवाद कार्यक्रम मार्फत परम्परागत सिप संस्कृतिको हस्तान्तरण/पुस्तान्तरण गरिनेछ।

७. युवा परिषदलाई सक्रिय बनाई नगर युवा परिषद तथा वडा युवा परिषदमा युवाहरुको सक्रिय सहभागीता मार्फत बुढानीलकण्ठम्याराथन, लागूऔषध दुर्व्यसनी न्युनिकरण, नीति संवाद तथा सूचना प्रविधि सम्मेलन कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

८. नवयुवा पुस्ता (जेन जि) युवा मात्र नभई भविष्यका कर्णधार पनि भएकोले उनिहरुको क्षमता विकासको लागि नवप्रवर्तनमा जोडिनेछ ।

९. युवाहरूमा आर्थिक सशक्तीकरण, सामाजिक उत्तरदायित्व तथा व्यक्तिगत विकास प्रवर्द्धन, सम्भावनालाई दीगो समृद्धिमा रूपान्तरण गर्ने उद्देश्यले उद्यम तथा स्वरोजगारलाई प्रबर्द्धन गर्न विभिन्न वित्तिय संस्थाहरुसँग सहजीकरण गरी उद्यमशिलता विकास तथा व्यवसाय सञ्चालनका लागि स्टार्ट अफ फण्डको साथै वित्तिय पहुँच सुनिश्चत गरी **"प्रोजेक्ट समृद्दि"** नामक अभियान मार्फत युवाहरूलाई आत्मनिर्भर बन्न प्रेरित गरिनेछ ।

१०. युवामैत्री डिजिटल नवप्रवर्तन प्रवर्द्धन गर्न **AI ह्याकाथन, AI Boot camp** तथा प्रविधि सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

११. प्राविधिक उच्च शिक्षामा भर्ना भई नियमित रुपमा उतीर्ण हुन सफल विद्यार्थीहरुलाई उनीहरुको अध्ययन लागतको ५ प्रतिशतले हुन आउने रकम प्रोत्साहन रकम स्वरुप प्रदान गरिनेछ

१२. संघ तथा प्रदेशस्तरीय युवा परिषद् तथा अन्य संघ संस्थाहरु सँग सहकार्य गरी युवाको क्षमता अनुसार उत्पादन उद्यमशिलता रोजगारीमा आवद्ध गरिनेछ।

**३ खेलकुद**

१. सबै विद्यार्थी र युवाका लागि **खेल्ने अवसर सुनिश्चित** गरिनेछ। प्रत्येक विद्यालयमा खेलकुद शिक्षकको क्रमश: प्रबन्ध गरिनेछ । साथै राष्ट्रिय खेलकुद परिषद् सँगको सहकार्यमा विद्यालय खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

२. **एक वडा, एक नगरस्तरीय खेलकुद पूर्वाधार** सहित प्रत्येक वडामा विशेषीकृत खेलकुद मैदान निर्माण गरिनेछ

३. पूर्व प्राथमिक तहमा फिफा फुटबल, आधारभूत बास्केटबल र माद्यमिक तहमा राष्ट्रपति रनिङ शिल्ड लगायतका प्रतियोगितालाई निरन्तरता दिइनेछ।

४. वडा स्तरको वडाध्यक्ष कपका विजेता खेलाडीहरु समावेश गरी नगर स्तरमा मेयर कप सञ्चालन गरिनेछ

५. खेलाडीहरुको सीप हस्तान्तरण कार्यक्रमलाई संस्थागत गरी खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

६. खेलकुद पूर्वाधार, खेलकुद प्रतियोगिता आयोजना, खेलाडी संरक्षण र विकास तथा खेलकुद प्रवर्द्धन कार्यक्रम कार्यन्वयन मार्फत बुढानीलकण्ठलाई 'खेलकुद नगरी' को रुपमा विकास गरिनेछ।

**ङ. जनसङ्ख्या तथा सामाजिक समावेशीकरण**

१. बुढानीलकण्ठ नगर सामाजिक विकास सम्मेलन आयोजना गरि बुढानीलकण्ठको समग्र सामाजिक / मानविय विकासका असल अभ्यासहरुको प्रचारप्रसार गरिने तथा थप प्रभावशाली- सेवाका लागि राय, सुझाव संकलन गरिने।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यकको हक अधिकारको संरक्षण तथा मानव अधिकारको प्रवर्द्धनका लागि आवश्यक कानूनी, नीतिगत एंव संरचनागत व्यवस्था निर्माण र सुदृढीकरण कार्यलाई निरन्तरता दिइनेछ र सो सँग सम्बन्धित अन्तराष्ट्रिय प्रतिबद्धता एवं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ।

३. महिला, लक्षित वर्गको अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चत गर्न लैंगिक समानता, योनिक अल्पसंख्यक अन्तर लैङ्गिकता र समावेशीकरणको नीति अवलम्बन गरिनेछ। सारभूत लैंगिक समानता प्राप्तिको लागि पुरुष सहभागितामा जोड दिइनेछ।

४. महिलाहरूको वैयक्तिक आर्थिक तथा सामाजिक सशक्तीकरण, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार प्रवर्द्धन कार्यक्रम लाई निरन्तरता दिईनेछ। विपन्न दलित, एकल, अपाङ्गता भएका HIV/AIDS प्रभावित, एसिड पीडित, द्वन्द्व प्रभावित महिलाका लागि जीविकोपार्जन सुधारका कार्यक्रम गरिनेछ।

५. महिला समुह, टोल विकास संस्थाहरुको परिचालनबाट समुदायमा मानव वेचविखन तथा ओसारपसारको रोकथाम, बाल श्रम विरुद्ध, लागुपदार्थ दुर्व्यसन, साइवर सुरक्षा सम्बन्धी सचेतना अभियान सञ्चालन गरिनेछ।

६. बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र बालमैत्री स्थानीय शासन प्रर्वद्धनका लागि कानूनी, संरचनागत र कार्यक्रमगत व्यवस्था गरी बालमैत्री नगरपालिका घोषणा कार्यक्रम कार्यान्वयन गरिनेछ।

७. अपाङ्गता भएका व्यक्तिहरुको विशेष हेरचाह, तथा बालबालिकाका लागी समावेशी शिक्षा अटिजम भएका बालबालिकाको लागि शिक्षाको सुनिश्चितता गरिनेछ।

८. सरोकारका निकायको समन्वय सहकार्यमा हिंसा पीडित महिला बालबालिकाको तत्काल उद्धार, संरक्षण, पुनर्स्थापना र महिला, बालबालिका, किशोरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक प्रति हुने सबै किसिमका हिंसा, दुर्व्यवहार, विभेदको अन्त्य गर्न सचेतना अभियानलाई निरन्तरता दिईनेछ ।

९. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार सरोकारवाला निकायहरूको समन्वय, सहकार्यमा उद्धार, संरक्षण, पुर्नस्थापना, निशुल्क शिक्षा, वैकल्पिक हेरचाह र पारिवारिक सहयोग लगायतका सेवा सहयोग उपलब्ध गराइनेछ ।

१०. बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बाल क्लब, बाल संस्था र बाल सञ्जाल गठन दर्ता तथा क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरूमा बाल संरक्षण मापदण्ड लागू गरी कार्यान्वयन गरिनेछ ।

११. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण प्रवर्द्धन तथा निजहरूप्रति श्रद्धा, उच्च आदर तथा सद्भाव अभिवृद्धिका कार्यका साथै राज्यद्वारा प्रदत्त सेवा सुविधाको उचित व्यवस्थापन गरिनेछ।

१२. ज्येष्ठ नागरिकलाई प्रत्याभूत हुने गरी नगरबाट प्रवाह सेवामा सहज पहुचँ स्थापना गर्ने ,ज्येष्ठ नागरिक स्वास्थ्य शिविर, मनोविमर्श सेवा, तिर्थाटन भ्रमण, मनोरञ्जनात्मक कार्यक्रम, शारिरीक व्यायाम, योग शिविर जस्ता कृयाकलापलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

१३. ८५ वर्ष माथिका तथा अशक्त असहाय जेष्ठ नागरिकलाई घरदैलोमै गई सम्मान, आधारभूत स्वास्थ्य परीक्षण, निशुल्क प्रदान गरिने औषधी र पोषणयुक्त खाना सहित आमाबुबा आरोग्यता कार्यक्रम निरन्तरता दिइनेछ।

१४. अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण, सम्वर्द्धन र मर्यादित जीवनको प्रत्याभूतिको लागि अपाङ्गता मैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाईने छ साथै आवश्यकता अनुसार सीप, क्षमता जिविकोपार्जन सुधार/ अपाङ्गता लक्षित उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. सरोकारवाला निकायहरूको सहकार्यमा अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने स्वास्थ्य, सहायक सामाग्री, कृत्रिम अङ्ग निःशुल्क उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ

१६. लैंगिक हिंसा निवारण कोष, बाल कोष, एकल महिला सुरक्षा कोषबाट प्रवाह सेवालाई थप प्रभावकारी बनाइनेछ ।

१७. मानवसेवा आश्रम लगायत अन्य सरोकारवाला संस्थाहरूको समन्वयमा सहयोगापेक्षी बुढानीलकण्ठ सडक मानव मुक्त अभियानलाई निरन्तरता दिइनेछ ।

१८. टोल विकास संस्था, महिला समुह, विभिन्न क्लब लगायतका सामुदायिक संस्थाहरूसँगको समन्वय सहकार्यमा मानव वेचविखन तथा ओसारपसारको रोकथाम, बाल श्रम विरुद्ध, लागुपदार्थ दुर्व्यसन, साइवर सुरक्षा सम्बन्धी सचेतना अभियान र सामाजिक रुपान्तरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ

१९. दलित/उत्पीडित उत्थान विशेष कार्यक्रमलाई निरन्तरता दिईने छ।

२०. Food and Cloth Bank बाट अति आवश्यक भएका व्यक्तिहरुलाइ पारदर्शी ढगंले वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. नगरपालिका भित्र वसोवास गर्ने राजनीतिज्ञ, समाजसेवी, विद्धान, बुद्धिजिवी, शिक्षक, प्राध्यापक, प्रशासक, विशेषज्ञ एवम पूर्व राष्ट्रसेवकहरुको सिर्जनात्मक सल्लाह सुझावलाई ग्रहण गरी नगरको विकासमा उपयोग गरिनेछ ।

२२. लैङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी बजेट परीक्षण पद्धतिलाई निरन्तरता दिइनेछ।

## च. संघ संस्था

१. बुढानीलकण्ठ नगरपालिकालाई कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका संघ संस्थाहरूको कार्यक्रमलाई नगरपालिकाको नीति कार्यक्रममा सहयोग पुग्नेगरि कार्यान्वयन गर्न जोड दिइनेछ र संघ संस्थाहरूको वजेट, कार्यक्रम र कार्ययोजना नगरपालिकाबाट अनिवार्य रुपमा स्वीकृत गराई कार्यान्वयन गर्नु पर्ने नीति कार्यान्वयन गरिनेछ।

२. संघ संस्थाहरूबाट सञ्चालित आवासगृह, बालगृह, आश्रम तथा सञ्चालित परियोजना र कार्यक्रमको नियमित र आकस्मिक अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

३. सामाजिक शक्तिको रुपमा रहेका नागरिक समाज तथा टोल विकास संस्थालाई नगरपालिकामा दर्ता/सूचिकृत गरी यिनका असल अभ्यासलाई प्रोत्साहन दिनुका साथै टोल विकास संस्थाको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

४. टोल विकास संस्था, विभिन्न क्लब लगायतका सामुदायिक संस्थासँगको समन्वय, सहकार्यमा सामाजिक रुपान्तरणका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

५. नगरपालिका भित्र सञ्चालनमा रहेका गैर सरकारी संघ संस्था, टोल विकास संस्था, युवा क्लब तथा सामुदायिक संघ संस्थाको कामकारवाहीलाई व्यवस्थित गर्न संघ संस्थाहरूको एकिकृत अभिलेख तयार गरी सार्वजनिक गरिनेछ।

६. संघ संस्थासंगको सहकार्यमा टोल विकास संस्था गठन तथा परिचालन अभियान कै रुपमा सञ्चालन गरि समग्र नगर विकासमा टोल विकास संस्थालाई जिम्मेवारीपूर्वक परिचालन गरिनेछ।

## छ. सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै निशुल्क दर्ता गर्नको लागि आफ्नो वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरिने कार्यलाई व्यवस्थीत र थप प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

२. सामाजिक सुरक्षा भत्ता वितरण कार्य थप सहज तथा प्रभावकारी बनाइनेछ।

३. आर्थिक रुपमा सक्षम रहेका जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता लगायतका सेवा सुविधाहरु छाड्न प्रोत्साहित गरिने एवं स्वेच्छिक रुपमा त्याग गर्ने जेष्ठ नागरिकलाई सम्मान र आवश्यक भएकाहरुलाई थप सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिइनेछ।

## ज. भाषा, कला, साहित्य, संस्कृति

१. नगर कार्यपालिकाको मुख्य प्रशासनिक भवन प्राङ्गण र आसपासमा सांस्कृतिक सौन्दर्य करणका लागि भित्ते चित्र लेखन, मौलिकता झल्कने ललितकला युक्त सृजनालाई निरन्तरता दिइनेछ।

२. बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान मार्फत नगरपालिका भित्रका भाषा, साहित्य, सम्पदा, संस्कृति र कलाको सर्वेक्षण, अभिलेखन, सम्वर्द्धन, प्रवर्द्धन गरी यथोचित प्रचार प्रसार गरिनेछ। साथै सो प्रतिष्ठानको भवन निर्माण सम्पन्न गरी स्रष्टा सम्मान, कला तथा नाट्य कार्यशाला, लोकवार्ता, चलचित्र कार्यशाला, सृजना उत्सव लोक संगीत, प्राज्ञिक सम्मेलन जस्ता सृजनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. धार्मिक/सांस्कृतिक परम्परा अनुसार स्थानीयस्तरमा मनाउँदै आइएका जात्रा, मेला, उत्सव तथा पर्वको संरक्षण, बाजाको जगेर्ना र दिगो व्यवस्थापनको लागि कार्यविधि अनुसार मूर्त र अमूर्त संस्कृति एवं सम्पदाको रक्षा र संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

४. राष्ट्रिय/अन्तर्राष्ट्रिय कला, साहित्य सांस्कृतिक सम्मेलन तथा महोत्सव, मातृभाषा सिकाई एवं गोष्ठी तथा प्राचिन र ऐतिहासिक मेला रैथाने मेलाको आयोजना गरी कला, संस्कृतिको संरक्षण तथा प्रर्वद्धन गरिनेछ।

५. **"प्रतिभा बुढानीलकण्ठ"** को लागि खुल्ला प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी विविध क्षेत्रका विशिष्ट प्रतिभाको खोजी गरी ब्राण्डिङ गरिने कार्यलाई निरन्तरता दिइनेछ।

६. स्रष्टाहरुको पहिचान, भेला तथा सूचीकरण गरि परिचय पुस्तिका प्रकाशन गरिनेछ।

७. डाँडागाउँ, ठूलोगाउँ, चिसेनी, तौलुङ, चुनिखेल, धरमपुर, वासिक आदि ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक स्थानलाई सांस्कृतिक एवं पुरातात्विक सम्पदा संरक्षण एवं प्रवर्द्धन गर्न मौलिक भवन निर्माण गर्न प्रोत्साहित गरिनेछ।

८. नगरभित्र रहेका विभिन्न मठ मन्दिर, बौद्ध, चैत्य, गुम्बा, स्तुपाको संरक्षण, सम्वर्द्धन , नियमन र एकिकृत विकास गरिनेछ।

९. नगरभित्रका सबै भाषा, लिपि, धर्म, संस्कृति, पर्व, मेला तथा जात्राको संरक्षण, (एकादशी मेला, नौलिन भद्रकाली जात्रा, बागद्वार मेला, न्हू दँ या भिन्तुना) लगायत संवर्द्धन गरी स्थानीय समूहहरूलाई नगरको मौलिक, स्थानीय भेषभुषा, भाषा, संस्कृतिको प्रचार, प्रसार, संरक्षण र प्रवर्द्धनका लागि परिचालन गरिनेछ। साथै परम्परागत बाजा, भजन, गायन, गुठी संस्कृतिलाई प्रवर्द्धन गरिनेछ।

१०. नगरको उपयुक्त सार्वजनिक स्थानहरूमा परम्परागत संस्कृति झल्कने फल्चा, पोखरी, डबली, ढुंगेधारा, चौतारा, खुल्ला आश्रयस्थलहरू निर्माण गरी आकर्षक बनाइनेछ।

११. जगडोल, चुनिखेल, तौलुङ, कपनगढी, बागद्वार, मुहानपोखरी, नारायणस्थान, धरमपुर, ठूलो गाउँ, चिसेनी, विष्णुद्वार, चण्डेश्वरी क्षेत्र जोडिने गरी धार्मिक सांस्कृतिक एवं पर्यटकीय सर्किट निर्माण गरिनेछ।

१२. बागद्वार-विष्णुद्वार-सपनतीर्थ मेलालाई विशेष सांस्कृतिक जागरण मेलाको रूपमा प्रवर्द्धन गरिनेछ।

१३. खुलापार्क, सडकका भित्ताहरू, विद्यालयका पर्खालहरूमा नगरपालिकाको विविध संस्कृति, परिचय झल्कने र देशको पहिचान दिने चित्रहरू बनाई सौन्दर्यकरण गरिनेछ।

१४. नगरका विभिन्न वडामा ओपन थिएटर / सांस्कृतिक पार्क र खुला संग्रहालयहरू स्थापनालाई प्राथमिकता दिइनेछ।

१५. समग्र बुढानीलकण्ठको धार्मिक, सांस्कृतिक, पर्यावरणीय, भौतिक संरचना लगायत सम्पदाको पहिचान गरी समेटिएको **"आहा बुढानीलकण्ठ"** संग्रह प्रकाशन गरिनेछ।

१६. बुढानीलकण्ठ मन्दिर संरक्षण र प्रर्वद्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

# पुर्वाधार विकास

## क. भौतिक पूर्वाधार

१. नगर गौरव तथा ठूला पूर्वाधार आयोजनाहरूलाई आयोजना बैंक मा सूचीकृत गरी प्राथमिकता, लागत, लाभग्राही संख्या, स्रोत, कार्यान्वयन अवस्था र अपेक्षित प्रतिफलका आधारमा वर्गीकरण गरि प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ।

२. सडक, ढल, खानेपानी, भवन, पार्क, सडक बत्ती, CCTV र सार्वजनिक सम्पत्तिको GIS Based Municipal Infrastructure Asset Management System तयार गरी मर्मत सम्भार, बजेट विनियोजन र सम्पत्ति संरक्षणलाई तथ्याङ्कमा आधारित बनाइनेछ।

३. नगरपालिकाभित्र सञ्चालित योजनाहरूको लागत अनुमान EPIS मार्फत तयार गर्ने र योजनाको प्रगति, अभिलेख तथा व्यवस्थापनलाई डिजिटल प्रणालीबाट सञ्चालन गरिनेछ।

४. सार्वजनिक भवन, पार्क, सडक बत्ती र बस बिसौनीमा क्रमशः Smart Lighting, CCTV Integration र Energy Efficient Fixtures जडान गर्दै लगिनेछ।

५. नगरपालिकाभित्र निर्माण हुने सबै भवनहरू अपाङ्गता/बाल/ज्येष्ठ नागरिक मैत्री हुने गरी निर्माण गर्ने नीति लिइनेछ ।

६. सम्पन्न भवन निर्माण सम्बन्धी योजनाहरूको मर्मत सम्भार, संरक्षण र उपयोग व्यवस्थापनका लागि जिन्सी दाखिला गरी लाभग्राही समुदायमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ।

७. सार्वजनिक भवनहरूको GIS आधारित अभिलेख तयार गरी तिनको उपयोग, मर्मत, सुरक्षा, स्वामित्वको उपयुक्त व्यवस्थापन गरिनेछ।

८. नगरपालिका भित्र निर्मित सस्थागत भवन निर्माण सम्पन्न लिने बखत fire extinguisher को अनिबार्य ब्यबस्था गरिने छ, साथै आगलागी जोखिम न्यूनीकरणका लागि **Fire Risk Assessment, Fire Hydrant Network Plan तथा Emergency Response Infrastructure Plan** तयार गरिनेछ।

९. **पैदलयात्री**, Differently able person , **ज्येष्ठ नागरिक**, **बालबालिका** तथा **विद्यालय जाने विद्यार्थी**लाई सहज हुने गरी **फुटपाथ**, **र्याम्प**, **जेब्रा क्रसिङ**, **सुरक्षा रेलिङ**, **सडक बत्ती** र **संकेत बोर्ड** सहितको पैदलमैत्री सडक निर्माणलाई प्राथमिकता दिइनेछ।

१०. पुर्बाधार महाशाखाबाट प्रदान गरिने सेवा तथा सम्पादन गरिने कार्यहरूलाई चरणबद्ध रूपमा AI को प्रयोगमार्फत क्रमशः स्वचालित तथा व्यवस्थित बनाउँदै लगिनेछ ।

११. सार्बजनिक तथा सस्थागत भवनमा electrical ,sanitary तथा सुरक्षा प्रणालीको design मापदण्डअनुसार डिजाइन व्यवस्था सुनिश्चित गरी कार्यान्वयन गरिनेछ ।

१२. नगरपालिका भित्रको स्थान पहिचान गरि High mast lights जडानको सम्भावना अध्ययन कार्यान्वयन गरिने छ ।

१३. नगरपालिका भित्रका सडकहरुको नियमित मर्मत सम्भार गर्नका लागि पूर्वाधार एम्बुलेन्स सहितको मर्मत युनिटको व्यवस्था गरिनेछ ।

१४. जग्गा स्वामित्व ग्रहण नभएका सार्वजनिक भवनहरुको स्वामित्व प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाउन सार्थक पहल गरिनेछ।

**ख. सडक, ढल व्यवस्थापन, भवन तथा सार्वजनिक निर्माण**

१. प्रमुख सडक तथा ढल आयोजनामा Geo-tagged Photo Monitoring, Drone Survey, GPS Tracking र Digital Progress Reporting प्रणाली लागू गरिनेछ।

२. शहरी डुबान तथा पानी जम्ने समस्या समाधानका लागि Storm Water Drainage Plan, Rain Water Management, Recharge Pit, Cross Drainage Structure र नियमित ढल सरसफाइ प्रणाली लागू गरिनेछ।

३. नगरभित्रका सडक, ढल, भवन र सार्वजनिक निर्माणको अवस्था पहिचान गर्न Road Condition Mapping, Drainage Mapping, Building Inventory र GIS आधारित Infrastructure Database तयार गरिनेछ।

४. भवन नक्सा पास, भवन निर्माण अनुमति, तथा निर्माण सम्पन्न प्रमाणपत्र प्रक्रियालाई पूर्ण रूपमा **Electronic Building Permit System — EBPS** मार्फत निरन्तरता दिई पूर्ण रुपमा सञ्चालन गरि Digital signature संग integrate गर्नुका साथै क्रमशः AI Based बनाइने छ। घरबाटै नक्सा पास र निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५. पैदलयात्री, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा विद्यालय जाने विद्यार्थीलाई सहज हुने गरी फुटपाथ, र्याम्प, जेब्रा क्रसिङ, सुरक्षा रेलिङ, सडक बत्ती र संकेत बोर्डसहितको पैदलमैत्री सडक निर्माणलाई प्राथमिकता दिइनेछ।

६. नगरपालिका भित्र विभिन्न जोखिम न्यूनीकरणका लागि **Disaster hazard mapping** तयार गरि योजनावद्ध कार्यान्वयन गरी विपद जोखिम न्यूनीकरण गरिनेछ।

७. नगरपालिका क्षेत्र भित्र हुने **प्लटिङ** तथा भवन निर्माणको कार्यलाई ब्यस्बस्थित गर्न कार्यविधि तयार गरि लागु गरिने छ।

८. नगर भित्रका उपयुक्त सार्वजनिक जग्गामा साझेदारीमा बहुउदेश्यिय भवनहरु निर्माण गरी उद्योग, व्यवसाय, पर्यटन मनोरञ्जनात्मक गतिविधी तथा सेवा प्रवर्द्धनको एकिकृत मोडेल कार्यान्वयन गरी राजश्व तथा आर्थिक कृयाकलाप वृद्धि गरिनेछ।

९.

**ग. खानेपानी तथा सरसफाइ व्यवस्थापन**

१. नगरपालिका भित्र रहेका खानेपानी सम्बन्धी आयोजनाको एकिकृत रुपमा नगरपालिका खानेपानी बोड मार्फत आवश्यक कार्यहरु सञ्चालन गरिनेछ।

२. नगरको खानेपानी सुरक्षा र सरसफाइ सुधारका लागि Water Safety Plan, Sanitation Safety Plan, Climate-resilient WASH Plan र Emergency Water Supply Plan तयार गरी कार्यान्वयन गरिनेछ।

**घ. यातायात व्यवस्थापन**

१. नगरपालिकाभित्र विद्युतीय नगरबस नगरपालिका मार्फत सञ्चालन गरी सार्वजनिक यातायात सुविधाजन्य र व्यवस्थित गरिनेछ।

२. नगरपालिकाभित्रको सडक, सार्वजनिक यातायात, पार्किङ, पैदलयात्री सुविधा, बस बिसौनी, ट्राफिक व्यवस्थापन तथा सडक सुरक्षालाई समेट्ने गरी Municipal Transport Master Plan — MTMP अद्यावधिक गरिनेछ।

३. नगरभित्रको यातायातलाई सुरक्षित, व्यवस्थित र नागरिकमैत्री बनाउन सार्वजनिक यातायात रुट व्यवस्थापन, बस बिसौनी निर्धारण, पार्किङ क्षेत्र व्यवस्थापन र ट्राफिक संकेत प्रणालीलाई MTMP मा आधारित भई पूर्ण रुपमा क्रमशः कार्यान्वयन गरिनेछ।

४. सार्वजनिक यातायात रुट व्यवस्थापन, सार्वजनिक यातायात सेवा उत्प्रेरणा, बस बिसौनी निर्धारण, बस पार्क सञ्चालन, No parking zone निर्धारण, पार्किङ क्षेत्र व्यवस्थापन, ट्राफिक संकेत प्रणाली, डिजिटल सूचना प्रणाली र सम्भाव्य स्थानमा card-based public transport system प्रवर्द्धन गरिनेछ।

५. नगरपालिका भित्र निर्माणाधीन बस पार्कको निर्माण सम्पन्न गरि सोको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

६. विद्युतीय यातायात प्रवर्द्धनका लागि NEA सँग समन्वय गरी EV Charging Station Network स्थापना गरिनेछ।

**ङ. अनुगमन तथा मुल्याङ्कन**

१. नगरपालिका भित्र रहेका दक्ष श्रमिकलाई स्थानीय स्तरमा रोजगारीको सुनिश्चितता गर्न निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुमा नगरपालिकामा सूचिकृत भएका श्रमिकहरुलाई उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२. पचास लाख वा सो भन्दा माथिका विकास आयोजनाको नियमित सुपरिवेक्षणका लागि फिल्ड सुपरभाइजरको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. आयोजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाइ सुनिश्चित गरिनेछ।

४. बोलपत्र स्वीकृत तथा सूचिकृत फर्महरुलाई पनि योजना कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया, प्रशिक्षण लगायतका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. संघ तथा प्रदेश सरकारबाट सञ्चालित योजना र कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन सहजीकरणको लागि उपयुक्त संयन्त्र बनाइनेछ।

६. सम्पन्न भएका योजनाहरूको मर्मत सम्भार र संरक्षणको जिम्मेवारी सहित भुक्तानी र योजनाको हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. योजना अनुगमनलाई व्यवहारिक बनाउन वडास्तरीय अनुगमन समितिलाई योजना छनौट फिल्ड क्लियर देखि फरफारकसम्म सक्रिय र जिम्मेवार बनाइनेछ।

८. विगत आ.व.हरुमा सम्झौता भई कार्य सम्पन्न भएका आयोजनाहरु प्राविधिक मूल्याङ्कनको आधारमा नगर कार्यपालिकाबाट निर्णय गरी फरफारक गर्ने व्यवस्था मिलाइनेछ।

९. वडा तथा नगरस्तरीय योजना अनुगमनलाई योजना कार्यान्वयनको शुरुवातदेखि नै सक्रिय बनाइनेछ।

१०. अनुगमन समितिका सदस्यहरूको उच्च मनोबल तथा नयाँ अनुभव एवम् ज्ञान लिनका लागि अन्तरपालिका अनुगमन समितिहरुबीच एवम् आवश्यक निकाय तथा विज्ञहरुबीच अन्तरकृया गरिनेछ।

११. प्राविधिक लागत अनुमान बमोजिम स्थलगत रुपमा सञ्चालन भएका आयोजनाको मूल्याङ्कन गर्दा परिमाण र गुणस्तर फरक भएमा भुक्तानी दिन वाध्य हुनु नपर्ने नीति लिइनेछ।

१२. नगरका गौरब तथा ठूला आयोजनाहरुको परिणाम, नतिजा र प्रभाब सम्बन्धी कार्यको आवश्यकतानुसार तेश्रो पक्षबाट पनि मूल्याङ्कन गराइने व्यवस्था गरिनेछ।

१३. सम्झौता नभई सञ्चालन हुने कुनैपनि विकास निर्माण कार्यको अनुगमन एवं भुक्तानी दिइने छैन।

१४. आयोजना कार्यान्वयनकै क्रममा अनिवार्य रुपमा निरन्तर प्राविधिक अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। सो को निरिक्षणको लागि Log Book अनिवार्य गरिनेछ।

१५. अनुगमन मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनलाई नगर प्रमुख मार्फत कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ।

१६. नगरपालिकाको सीमा क्षेत्रको सडक लगायतका पूर्वाधार निर्माणमा अन्तरपालिका सहकार्य गरिनेछ।

१७. अनुगमनका लागि आवश्यक Drone Photography, Total Station, Strength Test Equipment लगायत श्रोत साधन तथा उपकरणको प्रवन्ध गरी प्रविधि मैत्री प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ।

१८. नगरपालिकाबाट नागरिकको जनजिवीकासँग सम्बन्धित बजार, विद्यालय, ब्यवसाय दर्ता र संचालन, घर निर्माण, सार्वजनिक जग्गा साँध सिमाना, इन्धन, डिपो, होटल, डेरी मासु पसल, औषधी पसल लगायतका क्षेत्रहरुको प्रभावकारी र नतिजामूखी अनुगमनका लागि नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई जिम्मेवारी र जवाफदेही बनाईनेछ।

१९. नगरपालिका भित्रको बजार अनुगमनलाई नियमित गरी उपभोक्ता हित सुनिश्चित गरिनेछ।

२०. संस्थागत विद्यालयहरुको नियमित अनुगमन गरी शुल्क तथा मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

२१. स्वास्थ्य संस्था,फार्मेसी लगायतको नियमित अनुगमन गरी जनस्वाथ्यमा गुणस्तरता कायम गरिने छ।

## आर्थिक विकास

### क. कृषि विकास

१. नगरभित्र रहेका कृषक तथा कृषि उद्यमीहरुबाट उत्पादित कृषिजन्य उत्पादन वृद्धि तथा बजार प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने नीति अवलम्वन गरिनेछ।

२. **कृषक प्रोत्साहन कार्यक्रम** अन्तर्गत कृषि यान्त्रिकरण, बिउ विजन, मल र कृषि प्रविधिमा दिइदै आएको अनुदान व्यवस्थालाई निरन्तरता दिई उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ।

३. स्थानीय उत्पादनको बजारीकरणका लागि वडा नं. २ मा निर्माण भएको तरकारी बजार भवन प्रभावकारी रुपमा सञ्चालन लिइनेछ।

४. स्थानीय तहमा प्राविधिक कृषि सेवा विस्तारलाई प्रभावकारी बनाँउदै कृषि तथा पशुपंक्षी सम्बन्धी वित्तीय हस्तान्तरित कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहयोग, समन्वय र सहजीकरणका लागि कृषि स्नातक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. नगरभित्रको सघन शहरी क्षेत्रमा बसोबास गर्ने नगरबासीलाई खेती गर्ने बानीको विकास गरी तरकारीमा आत्मनिर्भर बनाउने नीति अनुरुप करेसाबारी तथा **कौशी खेती प्रवर्द्धन कार्यक्रम** सञ्चालन लाई निरन्तरता दिईनेछ।

६. कृषि उद्यमशीलतालाई विद्यालय, युवा स्वरोजगार तथा महिला लगायत लक्षित समुदायसँग जोडिने नीति अनुरुप **कृषि शिक्षा कार्यक्रमलाई** निरन्तरता दिइनेछ।

७. नगरपालिका भित्र रहेका कृषक विद्युतीय अभिलेखीकरण सहित सूचिकरण गरी **किसान परिचयपत्र** वितरण कार्यलाई निरन्तरता दिईनेछ।

८. **"माटोको जाँच, सही मलको प्रयोग-उत्पादकत्व सुनिश्चितता"** भन्ने मूल नाराका साथ अर्गानिक खेती प्रणालीको विकास गर्न निःशूल्क माटो नमुना परीक्षण गरी प्राप्त नतिजाका आधारमा माटोको गुणस्तर

सुधार गर्न कृषि चुन वितरण गरिनेछ ।साथै अन्य आवश्यक खाद्य तत्व र मलको प्रयोग गर्न सिफारिस गरी उत्पादन र उत्पादकत्व वृद्धि गरी **Soil Health Card** कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

९. प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी प्रविधिको प्रयोग मार्फत किसानलाई कार्यस्थलमै सेवा प्रवाह गर्ने प्रवन्ध गरिनेछ।

१०. कृषि पेशामा उत्कृष्ट काम गर्ने कृषकहरूको पहिचान र सम्मान र त्यसका साथै युवा जनशक्ति आकर्षण गर्न **"असल कृषक कार्यक्रम"** मार्फत प्रोत्साहित गर्नेकार्यलाई निरन्तरता दिईनेछ।

११. स्थानीय कृषि उत्पादनको बजारीकरणका लागि वडा नं.८ मा कृषि तथा तरकारी बजार संकलन केन्द्र निर्माण कार्य प्रारम्भ गरिनेछ।

१२. कृषि योग्य भूमिमा आवश्यक सिचांइको प्रवन्धका लागि ईनार/बोरिङ तथा साना सिचाई कार्यक्रमका लागि संघ तथा प्रदेश सरकारका निकायसग समन्वय गरिनेछ ।

१३. नगरपालिका भित्र रहेका बाँझो जग्गा (घडेरी समेत) लाई कृषिजन्य उत्पादनमा लगाउन जमिन बाँझो नराख्ने नीति अनुरुप व्यवसायिक कृषिमा प्रोत्साहन गर्न सामूहिक खेती तथा कृषि फर्म/व्यवसाय दर्ता र नविकरणमा सहुलियत लगायतका नीति अवलम्वन गरिनेछ ।

१४. **स्वस्थ कृषक कार्यक्रम** मार्फत कृषकको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न र कृषिमा हुने विषादी तथा रसायनबाट हुने स्वास्थ्य जोखिम घटाउन र सुरक्षित कृषि अभ्यासतर्फ प्रोत्साहित गरिनेछ ।

**ख. पशुपंक्षी**

१. नगरभित्र रहेका पशु उद्यमीहरुबाट उत्पादित पशुजन्य उपजको उत्पादनवृद्धी तथा वजार प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने नीतिलाई अवलम्बन गरिनेछ ।

२. घरपालुवा कुकुर, विरालोको व्यवस्थापनका लागि दर्ता प्रक्रियालाई अभियानको रुपमा सञ्चालन गर्ने र ५० प्रतिशत लागत साझेदारीमा बन्ध्याकरण गर्ने व्यवस्था गरिनेछ । साथै छाडा, सामुदायिक, रोगी, घाइते पशुपन्छीहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. **"गोठ देखि ओठसम्म र बधशाला देखि भान्सा"** सम्म भन्ने नाराका साथ मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने पशुजन्य पदार्थको उत्पादनदेखि उपभोगसम्मको स्वच्छ मासु तथा दुध उत्पादन प्रकृया सम्बन्धमा नियमित अनुगमन, नियमन र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

४. एकल महिला, दलित तथा पिछडिएका र विपन्न कृषकको जिवीकोपार्जनको आधार रहेको पशुपन्छी पालन व्यवसायमा प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५. दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगर क्षेत्र भित्र सञ्चालनमा रहेका दुध तथा मासुजन्य व्यवसायहरुलाइ मापदण्ड बमोजिम सञ्चालन गर्न अनुगमनलाई थप प्रभावकारी र प्रविधि मैत्री बनाइनेछ ।

७. गाईवस्तु चौपाया, पशुपंक्षीको महामारी रोग नियन्त्रणको लागि खोप तथा औषधि उपचारको उचित व्यवस्थापन गरिनेछ ।

८. घरपालुवा जीवजन्तु, पशु चौपाया, कुकुर विरालोलाई सडकमा छाड्न र सार्वजनिक स्थलमा दिसा पिसाव गराउन नपाइने नीति कडाईका साथ लागू गरिनेछ।
९. सामुदायिक सडक चौपाया र मृत पशु चौपायाको उचित व्यवस्थापनका लागि एनिमल एम्बुलेन्स सहित प्राविधिक सेवा जनशक्तिको व्यवस्था गरिनेछ।
१०. कृषक आत्मनिर्भर तथा कृषक स्वास्थ्य कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ
११. घरपालुवा जीवजन्तु, पशु चौपाया, कुकुर विरालोलाई सडकमा छाड्न र सार्वजनिक स्थलमा दिसा पिसाव गराउन नपाइने नीति कडाईका साथ लागू गरिनेछ र सार्वजनिक स्थलहरुमा सेल्टर हाउस र कान्जी हाउस बनाउने नीति ल्याइनेछ ।
१२. व्यवसायिक पशुपालनमा संलग्न कृषकहरुको गोठमा रहेका गोवर मल मुत्र व्यवस्थापन र गुणस्तर कम्पोष्ट मल मुत्र उत्पादन गरी ब्राण्डिङ लेवलीङ र प्याकेजीङ गरी बजारीकरण गर्ने र अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्ने निति लिइनेछ।
१३. मानव स्वास्थ्य र वातावरणीय सुधारका लागि सरकारवाला संघसंस्थाको सहकार्यमा मृत पशु तथा सडक सामुदायिक पशु चौपाय र कुकुर विरालो लगायतको व्यवस्थापन आवश्यक कार्य गरिनेछ ।

**ग. उद्यम तथा व्यवसाय**

१. नगर उद्यमशीलता विकास कार्यक्रमलाई नगर गौरवको रुपमा सञ्चालन थप समृद्ध गरिनेछ।
२. उद्यम प्रवर्द्धन मार्फत रोजगारीका अवसर श्रृजना गर्न स्टार्ट अप र नवप्रवर्तन सम्बन्धी नीति बनाइ कार्यान्वयन गरिनेछ।
३. नगर क्षेत्र भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायमा नगरका युवाहरुलाई रोजगारीका अवसर उपलब्ध गराउन सार्थक पहल गरिनेछ।
४. युवा जनशक्तिलाई उद्योग व्यवसायमा आकर्षित गर्न **उत्कृष्ट युवा उद्यमी पुरस्कार** मार्फत प्रोत्साहित गरिनेछ। साथै एक वडा एक विशेष उद्यम अवधारणा कार्यान्वयन गरिनेछ।
५. नगरभित्र औद्योगिक उपजको उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नका लागि तोकिएको क्षेत्रमा सहलगानी (विउ पुँजि तथा प्रविधि हस्तान्तरण) मार्फत उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ।
६. नगर औद्योगिक व्यावसाय ऐन बमोजिम नगर क्षेत्र भित्र औद्योगिक विकास गर्न पूर्वाधार पहुँच, उत्पादनको बजारीकरण तथा वित्तिय पहुँच लगायतका प्रवर्द्धनात्मक कार्यहरुका लागि एक औद्योगिक ग्रामको व्यवस्था गर्नेछ।
७. सीप सम्मेलन मार्फत् स्थानीय सीप तथा रैथाने उत्पादनको संरक्षण एवं बजार प्रवर्द्धनका लागि नियमित रूपमा स्थानीय सीप, क्षमताको उत्पादनलाई प्राथमिकता एंव बजार र व्यावसायिक सीपसँग सम्बन्धित पहुँच तथा सीप सिकाइको व्यवस्थापन गरिनेछ।
८. नगर क्षेत्र भित्र रहेका नयाँ उद्यमीका लागि उत्पादन उत्पादकत्व तथा बजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
९. स्थानीय उत्पादनको स्थायी बजार प्रर्बद्धनका लागि घरेलु तथा साना उद्योग संघ, उद्योग वाणिज्य संघ लगायतका व्यापारिक संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ।

१०.निरन्तर अनुगमन मार्फत स्थानीय उत्पादन तथा अर्गानिक खाद्य वस्तुको गुणस्तर सहित प्रवर्द्धन तथा वजारीकरणका लागि डिपार्टमेन्टल स्टोर/मार्टहरुसंग समन्वय गरिनेछ ।

११.विद्यार्थी, महिला, गृहिणी, अपाङ्गता भएका, एसिड पीडित, एकल महिला, कुष्ठरोग प्रभावित, एचआइभि संक्रमित, अटिज्म भएका व्यक्ति, हिंसापीडित व्यक्ति तथा समूहहरुबाट भएका उत्पादनलाई विशेष प्राथमिकता दिइने एवं उपभोगकर्तालाई प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिईनेछ।

१२.**पालिकाको उत्पादन पालिकामै** भन्ने नारा सहित पालिकाभित्र हुने कार्यक्रमहरुमा प्रयोग हुने खादा, माला, सल, गलबन्दी, दोसल्ला, कपडाको झोला आदि स्थानीय उत्पादनको मात्रै प्रयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१३.**उद्यमी बनौं, रोजगार सृजना गरौं** भन्ने नारा सहित युवा तथा महिला उद्यमशीलता विकासका लागि **नगर उद्यमशीलता विकास कार्यक्रम**लाई एकिकृत गरी सवै वडाहरुमा प्रभावकारी रुपमा सञ्चालनमा ल्याईनेछ।

१४.नगरपालिका तथा वडा कार्यालयहरुवाट नगर भित्र सञ्चालन हुने सवै प्रकारका रोजगारमुलक, स्वरोजगार मुलक तथा सीप विकास तालिमहरुलाई सिटिईभिटिको पाठ्यक्रममा आधारित हुने गरी सञ्चालन गरिनेछ। यसरी तालिम लिएका प्रशिक्षार्थी सहभागीहरुलाई सीप परिक्षण, उद्यमशिलता तथा रोजगारी सुनिश्चित गराईनेछ।

१५.स्वदेशी तथा गैर आवासीय नेपालीहरुलाई नगरपालिकाको प्राथमिकताका क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्नका लागि लगानी वैठक आयोजना गरिनेछ।

१६.सृजनशिल र नवप्रवर्तनमा आधारित स्टार्टअप व्यावसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले ईन्कुवेसन सेन्टरहरु स्थापना गर्ने प्रकृया अघि बढाईनेछ। यसरी प्रवर्धित उद्यमी व्यावसायीलाई औद्योगिक ग्राममा स्थापित गरिनेछ।

१७.**"उत्पादनमा महिला"** कार्यक्रम अन्तर्गत गृहश्रमिक महिला लक्षित घरेलु तथा लघु उद्यम कार्यक्रम सञ्चालन गरी उत्पादित सामानको बजार सुनिश्चतता गरिनेछ।

**घ. पर्यटन**

१. नगरको पर्यटन गुरुयोजना तर्जुमा गरी सो गुरुयोजनाले पहिचान गरे बमोजिमका क्रियाकलापलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

२. आवश्यक स्थानहरूमा पर्यापर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

३. **"एक वडा एक पर्यटन गन्तव्य"** को रुपमा स्थान पहिचान भएको स्थानमा आवश्यक पूर्वाधारको विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. निजी पर्यटन व्यवसायीलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको सहज उपलब्धताका लागि नीतिगत सहजीकरण गरिनेछ।

५. बुढानीलकण्ठ आउने पर्यटकहरूको बसाइ दिन लम्ब्याउन पर्यटन व्यवसायीहरूको सहकार्यमा कम्तिमा दुई दिनको पर्यटन भ्रमण टुर प्याकेज निर्धारण गरी प्रचार प्रसार गरिनेछ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था एवम् भगिनी सम्बन्ध कायम भएका वाह्य मुलुकका स्थानीय तह हरुसँग पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रर्वद्धन गर्न पहल गरिनेछ।

७. सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार पर्यटन क्षेत्रको विकासका लागि आवश्यक परियोजनाहरू पहिचान गरी सञ्चालन गरिनेछ ।

८. नगर भित्र रहेका सामाजिक सांस्कृतिक कला भाषा साहित्य, धार्मिक, सांस्कृतिक, प्राकृतिक, पौराणिक तथा ऐतिहासिक पहिचान भएका क्षेत्रहरूलाई पर्यटन गन्तव्यको रूपमा विकास गर्न अध्ययन एवम् अभिलेखनलाई निरन्तरता दिइनेछ ।

९. डाँडागाउँ, चिसेनी, ठूलोगाउँ, तौलुङ, लिपीकोट, जगडोल, चुनिखेल लगायतका स्थानहरूमा व्यवस्थित परम्परागत घर आवास (होमस्टे) हरु सञ्चालन कार्यलाई निरन्तरता दिइ Eco Tourism Village रुपमा विकास गरिनेछ ।

१०. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँगको सहकार्यमा साहसिक साइक्लिङ, रक क्लाइम्बिङ, जिप फ्लाइङ जस्ता साहसिक खेल तथा जिप सफारी मार्फत पर्यटन प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

११. पदमार्ग, साइकल मार्ग, हेर्नलायकका अग्ला पहाड, भीर, नदीनाला, मठमन्दिर, गुम्बा, रैथाने सांस्कृतिक वस्ती, होमस्टे, होटेलव्यवसाय र तिनको भौगोलिक अवस्था, पहुँच मार्ग, अवधि आदि सबैको संङ्क्षिप्त विवरण र तस्वीर समेत उल्लेख गरी पर्यटकका लागि विभिन्न ठाँउहरुमा अनलाइन Root Map तथा QR Code सहितका डिजिटल लोकेसन म्याप निर्माण तथा हातेपुस्तिका प्रकाशन गरी पर्यटकहरूलाई आकर्षित गर्न पर्यटन बोर्ड लगायतका सरोकारवाला निकाय मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. जगडोलदेखि अल्टिमेट भ्यु प्वाइन्टसम्मको पदमार्ग स्तरोन्नति गर्न सिंढी, रेस्ट सेड, पानीको धारा, शौचालय जस्ता पूर्वाधार निर्माण गरिनेछ ।

१३. आन्तरिक पर्यटनका लागि भ्रमण काज कार्यक्रम मार्फत जनप्रतिनिधि र कर्मचारीहरुलाई महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१४. पर्यापर्यटन, धार्मिक तथा सांकृतिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन लगायतलाई जोड्न र प्रवर्द्धन गर्न काठमाडौं महानगर, टोखा, गोकर्णेश्वर, तारकेश्वर, कागेश्वरी मनोहरा लगायत सम्भावित नगरपालिकाबीच आपसी समन्वय एवं सहकार्यलाई निरन्तरता दिइनेछ।

१५. नगर क्षेत्र भित्रका पर्यटकीय सम्भाव्यताका विषयमा प्रतिस्पर्धात्मक भिडियो च्यालेन्ज, फोटो, ट्राभल भ्लग तथा लेखन प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिईनेछ।

१६. पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाका विशेष पर्यटकीय स्थलहरुः बुढानीलकण्ठ मन्दिर, इस्कोन मन्दिर, जगन्नाथ मन्दिर, कपन गुम्बा, फुलारी गुम्बा, जगडोल, झण्डा पार्क, जामछेन स्तुपा, डाँडागाउँ, चिसेनी, धरमपुर, नौलिन भद्रकाली, खड्का भद्रकाली, चपली, तौलुङ्ग पञ्चकन्या, वासिक, चुनिखेल, टुपेक लगायत विभिन्न स्थानमा पर्यटकीय सूचना सामाग्रीहरु राखिनेछ र यी स्थानहरुको विशेष प्रवर्द्धन गरिनेछ ।

१७. बुढानीलकण्ठ नगरपालिका भित्र पर्यटन व्यवसायमा लगानी आकर्षित गर्न समग्र पर्यटन प्रर्वद्धन, वातावरण संरक्षण, रोजगारी सिर्जना तथा सामाजिक उत्तरदायित्वको वहन गरी विशेष योगदान पुर्याएका पर्यटन व्यवसायी तथा संघसंस्थाहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१८. नगरभित्रका होटल, रिसोर्ट तथा होमस्टेको बुढानीलकण्ठ पर्यटन वोर्ड तथा सम्बन्धित वडा समिति मार्फत नियमित अनुगमन तथा सुपरिवेक्षण गरी राष्ट्रिय स्तरको बनाइनेछ ।

१९. नगरपालिका भित्रका पर्यटकीय स्थल, प्राचिन संस्कृति झल्किने मेला पर्व तथा जात्राहरु समेटिएर निर्माण भएका तथा निर्माण गरिने विभिन्न भिडियोहरुलाई बुढानीलकण्ठ पर्यटन बोर्डको सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्ने कार्यलाई प्रथमिकता दिइनेछ।

२०. पर्यटन प्रवर्द्धनका लागि बुढानीलकण्ठ स्ट्रीट फुड फेस्टिभल, बुढानीलकण्ठ सडक महोत्सव, पर्यटन सम्मेलन जस्ता कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ।

२१. नगरपालिका भित्रका नदि, खोला किनारमा उपयुक्त स्थानको पहिचान गरी खाद्य परिकार सहितको Evening Market को शुरुवात गरिनेछ।

**ङ. सहकारी**

१. सहकारी क्षेत्रलाई आमनगरबासीहरुको जीवनसँग आवद्ध गराई उद्यमशीलता, स्वरोजगार एवं उत्पादनमुलक क्षेत्रमा सहकारीको लगानी परिचालन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ।

२. सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको क्षमता विकास गरी सहकारीलाई पारदर्शी, जवाफदेही, नतिजामूलक र प्रविधिमैत्री बनाई संस्थागत सुशासनमा जोड दिइनेछ।

३. कृषि, उत्पादनमूलक, बहुउद्देश्यीय तथा उपभोक्ता सहकारी संस्थाहरूको प्रवर्द्धन गरी दैनिक उपभोग्य वस्तु सहकारी मार्फत् सुपथ मूल्यमा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

४. नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूको संस्थागत क्षमता, पूँजी परिचालन सदस्यहरूको लगत, लेखाप्रणाली लगायतका विषयमा नियमित अनुगमन गरी निरन्तर सुधार गरिनेछ।

५. नगरको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूको सम्पूर्ण गतिविधिलाई विद्युतीय प्रणालीमा आबद्ध गरी सहकारीलाई प्रविधि मैत्री बनाइनेछ।

६. सहकारी संस्थाहरूको एकीकरणलाई प्रोत्साहन गर्दै निष्कृय अवस्थामा रहेका सहकारी संस्थाहरूलाई खारेजी प्रक्रियामा अगाडि बढाइनेछ।

७. उद्यमशील, उत्पादनमूलक तथा स्वरोजगार सृजना क्षेत्रमा परिचालित सहकारीहरु मध्ये कार्यसम्पादनको आधारमा उत्कृष्ट सहकारीलाई पुरस्कृत गरिनेछ।

८. समस्याग्रस्त सहकारीलाई नेपाल सरकार तथा बागमती प्रदेश सरकारसंगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई समस्या समाधान तथा सुधारका लागि विशेष पहल गरिनेछ।

९. नगरपालिकाले तालिम प्रदान गरेका उद्यमी Vocational Training, उद्यमशिलता तालिम लिएका व्यक्तिहरुलाई सहकारी मार्फत उत्पादन र रोजगारीमूलक क्षेत्रमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

**च. श्रम तथा रोजगार**

१. नगरपालिकामा सञ्चालित श्रम डेस्कलाई सहज, सूचनामैत्री र प्रभावकारी बनाइ सबै प्रकारका श्रमिकको सूचीकरण तथा वर्गीकरण गरी पूर्ण रुपमा विद्युत अभिलेख राखिनेछ।

२. **"परदेशको ज्ञान बुढानीलकण्ठमा योगदान"** भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्केका युवाहरुको सीप तथा क्षमतालाई थप कार्यदक्ष बनाई उद्यम तथा व्यवसाय प्रवर्द्धनमा प्रोत्साहित गरिनेछ।

३. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम तर्फ आकर्षित गर्न उत्प्रेरित गरिनेछ।

४. सूचीकृत श्रमिकहरुको हकहित तथा कानुनी संरक्षणका लागि आवश्यकता अनुसार अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ र सीप परीक्षण गरी रोजगारदाता सहितको सभागिता सुनिश्चित गरी रोजगार बैंकमा जोडिनेछ।
५. श्रम क्षेत्रमा आवश्यक विषयगत जनशक्ति तयार गरी सीप तथा श्रमको खपत नगरपालिका भित्रै हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
६. स्थानीय विशिष्ट कला तथा सीप भएका जनशक्तिलाई आवश्यकता अनुसार तालिम दिई संरक्षण तथा सीपको हस्तान्तरण एवम् स्वरोजगार सृजना गरिनेछ।
७. नगरभित्रका उद्योग, कलकारखाना तथा व्यावसायिक संघसंस्थामा कार्यरत श्रमिकहरुको अवस्थाको निरन्तर अनुगमन गरी कुनै पनि किसिमका श्रम शोषण हुन नदिने वातावरण सृजना गरिनेछ।
८. घरेलु/ गृह श्रमिकहरुको पहिचान तथा अभिलेखिकरण पश्चात आवश्यकता अनुसार सीप एवं प्रविधि हस्तान्तरण गरी उत्पादनमा जोडने कार्यलाई निरन्तरता दिईनेछ।
९. श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्न श्रमको सम्मान र राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ र विभिन्न स्तरमा श्रम संवाद कार्यक्रम सञ्चालन गरिनेछ।
१०.संघ तथा प्रदेश सरकारको लागत साझेदारीमा तथा अन्य संस्थाहरुको सहकार्यमा आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धन सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ।
११.श्रम सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिपालनाको सुनिश्ता गरिनेछ।
१२.सार्वजनिक यातायातका श्रमिक तथा कर्मचारीलाई आन्तरीक तथा बाह्य पर्यटकहरुसँग सभ्य र मर्यादित व्यवहार गर्नका लागि आवश्यक अभिमुखिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**छ. सार्वजनिक निजी साझेदारी**

१. नगरपालिका भित्र रहेका निजी संघ संस्थाहरुसँग समन्वय गरी CSR (Corporate Social Responsibility) कोष परिचालन गरी शिक्षा, स्वास्थ्य ,खानेपानी लगायतका क्षेत्रमा परिचालन गरीनेछ।
२. सार्वजिक शौचालय,पार्क, पुस्तकालय जस्ता संरचना निर्माण गर्दा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप कार्यान्वयन गरीनेछ।
३. नगरपालिकाको आयोजना वैङ्कमा रहेका आयोजनाहरुमा निजी क्षेत्रलाई आकर्षित गरी आयोजना कार्यान्वयन गर्ने नीति लिइनेछ।
४. व्यवसायिक सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत नगरभित्र रहेका उद्योगी/व्यावसायीलाई नगरको पर्यटन विकास, साहसिक पर्यटन, उद्योग, उत्पादन सार्वजनिक पूर्वाधार निर्माण तथा Multistorey Building लगायत विकासको प्राथामिकताको क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिनेछ।

## वन, वातावरण विपद् व्यवस्थापन

**क. वन तथा वातावरण**

१. धार्मिक तथा सांस्कृतिक क्रियाकलाप बाहेक नगरपालिकाको कुनै पनि स्थानमा कुनै पनि प्रकारको खुला आगो (Open Burning) बाल्न प्रतिबन्ध गरिने कार्यलाई निरन्तरता दिइनेछ।
२. **बुढानीलकण्ठ नगर हरियाली शहर** कार्यक्रम अन्तर्गत आम नगरवासी, संघ संस्था लगायतको सहभागितामा सरसफाई तथा हरियाली प्रर्बद्धनको लागि मुख्य सडकको दुबै किनारा, पार्क, खोला करिडोर

लगायत सार्वजनिक स्थानमा वृक्षारोपण, बोटबिरुवाको संरक्षण तथा सरसफाइ लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

३. सार्वजनिक तथा जोखिमयुक्त/ खुला जमिनमा बिभिन्न प्रजातिका फलफुल तथा जडिबुटी का बिरुवा रोप्ने तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. नगरवासीलाई वातावरण मैत्री (कपडा, कागजलगायत) झोला प्रयोगका लागि प्रोत्साहित गर्ने नीतिलाई थप प्रभावकारी र ब्यवस्थित बनाइनेछ ।

५. स्थानीय समुदायको सहभागिता एवं साझेदारीमा सार्वजनिक पार्क, मठमन्दिर तथा सार्वजनिक स्थलहरुको दिगो संरक्षण, सम्बर्द्धन र व्यवस्थापन लगायतका कार्यक्रम अगाडी बढाइनेछ ।

६. सडक सौन्दर्यताको लागि बृक्षारोपण, अपाङ्गमैत्री पेटी निर्माण, संकेत सहित रङ्गरोगन, नियमित सरसफाई तथा फोहोर मैला व्यवस्थापन लगायतका कार्यक्रम अगाडी बढाइनेछ ।

७. नगर क्षेत्रभित्र सञ्चालित उद्योग, कलकारखाना, यातायात तथा फोहोर व्यवस्थापन संस्थाहरुले प्रदुषण सम्बन्धी मापदण्ड पालना गरे/ नगरेको सम्बन्धमा नियमित अनुगमन तथा चेकजाँच गरिनेछ।

८. जनप्रतिनिधि, कर्मचारी, टोल विकास समिति, महिला संजाल, युवा क्लब,स्काउट, नगर युवा परिषद लगायतको सहभागितामा नगर भित्रका धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा सार्वजनिक स्थानहरुको सरसफाईका लागि बृहत नगर सरसफाई अभियान सञ्चालन गरिनेछ ।

९. नगरस्तरीय Environmental Database System स्थापना एवम Eco-tourism Guideline तयार गरी लागू गरिनेछ ।

१०. E-waste र hazardous waste व्यवस्थापनाका लागि आवश्यक प्रणाली व्यवस्थापन गरिनेछ ।

११. वि. स. २०९० भित्र बुढानीलकण्ठ नगरपालिकालाई Carbon Neutral City बनाउने लक्ष्य कार्यान्वयनका लागि Zero Waste City अवधारणा लागु गर्न आवश्यक व्यवस्था गर्दै लगिनेछ ।

१२. फोहोरलाई मोहोरमा रुपान्तरण गर्न Waste to Energy Project सञ्चालन गरिनेछ ।

१३. नगरभित्र रहेका उधानहरुलाई बालबालिका मैत्री, ज्येष्ठ नागरिक मैत्री बनाइने नीति लिइनेछ ।

१४. नगर भित्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई उचित परिचालन तथा नियमन गरिनेछ ।

**ख. फोहोरमैला व्यवस्थापन**

१. खोलानाला, पार्क, सडक तथा सार्वजनिक स्थल लगायतमा स्वच्छ राख्नको लागि जनहित सूचना प्रचार प्रसार गरि जथाभावी फोहोरमैला फाल्ने व्यक्ति, समुह लगायतलाई दण्ड जरिवानाको नीति लिइनेछ ।

२. नगर क्षेत्र भित्रको फोहोरमैलाको दिगो व्यवस्थापनका लागि फोहोर संकलन, ढुवानी र रुपान्तरण लगायतका कार्यका लागि क्रमशः प्रतिष्पर्धात्मक विधिबाट हुने ब्यवस्था गरिनेछ।

३. फोहोरमैला व्यवस्थापनमा संलग्न निजी तथा संस्थागत समूहसंगको साझेदारीमा फोहोरको वर्गिकरण कम्पोष्टमल, गड्यौलामल निर्माण, कम्पोष्ट बिनको प्रयोग,फोहोर गन्ध निवारण, पुन प्रयोग गर्न सकिने वस्तुहरुको प्रशोधन तथा पुन उत्पादनलाई प्रोत्साहान गरिनेछ ।

४. नगरवासीलाई फोहोरको पुन प्रयोग र प्रशोधन गर्न श्रोतमा नै वर्गीकरण गरि कुहिने फोहोरलाई घरमै कम्पोष्ट मल बनाउनका लागि तालिम तथा उपकरण लगायतका आवश्यक व्यवस्था मिलाइनेछ ।

५. फोहोरमैला व्यवस्थापनमा संलग्न श्रमिकहरुको नगर अस्पतालमा नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।

६. नगरपालिकाको भित्रका सडकहरुको नियमित सरसफाइको लागि Boomer सवारी साधनको प्रयोग सम्भाव्यता अध्ययन गरी खरिद प्रकृया अगाडी बढाइनेछ ।

७. फोहोरमैलाको दिर्घकालीन व्यवस्थाको लागि नगरपालिका भित्र उपयुक्त स्थानको पहिचान गरी इन्सिरेटर मेशिनको व्यवस्थापन गरिनेछ ।

**ग. विपद व्यवस्थापन**

१. प्राकृतिक तथा मानव सृजित विपदजन्य घटनाबाट प्रभावित भएकाहरुलाई तत्काल राहतको लागि आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, औषधी लगायतका आधारभुत सामाग्री उपलब्ध गराईनेछ ।

२. खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सुचारु गर्ने व्यवस्था मिलाईने छ।

३. विपद् व्यवस्थापनको लागि पूर्व सूचना प्रणाली देखि राहत, उद्धार र पुनस्थापना सम्म आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन गरी सोको उपयोगको सुनिश्चितता गरीनेछ ।

४. विपद् व्यवस्थापनको लागि छिमेकी नगरपलिका, प्रदेश तथा संघीय सरकारका निकायहरुसँग समन्वय र सहकार्य गरी विपद् जोखिम न्युनिकरण तथा सोको प्रभावकारी व्यवस्थापन गरीनेछ ।

५. भौतिक पूर्वाधारहरुको निर्माण गर्दा जोखिम विश्लेषण गरी निर्माण गरीनेछ ।

६. नगरपालिकाको RRT (Rapid Response Team) तथा वडाहरुको First Responder Team (FRT) टिमलाई विपद व्यवस्थानमा प्रभावकारी रुपमा परिचालन गरीनेछ ।

७. विपद् व्यवस्थापनका लागि २४ सै घण्टा एम्बुलेन्स, दमकल, जेट मेसीन, डोजर लगायतका सवारी साधनहरु तयारी अवस्थामा राखी तत्काल सेवा उपलब्ध गराईनेछ ।

८. स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयंसेवक, नगर प्रहरी, स्काउट तथा युवालाई क्षमता विकास गरी परिचालन गरिनेछ साथै नेपाल रेडक्रस लगायतका स्वयंसेवी संस्थाहरुसँग समन्वय गरी विपद् व्यवस्थापनको कार्यलाई अगाडि बढाईनेछ ।

९. विपद प्रभावितलाई प्रदान गरीने मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवालाई निरन्तरता दिईने छ ।

१०. भु जोखिम अध्ययन गरी जोखिम पहिचान तथा GIS आधारित नक्सांकनको कार्यलाई शिघ्र अगाढि बढाईनेछ ।

११. बुढानीलकण्ठ नगरपालिकालाई विपद् उत्थानशील बनाउनको लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाले निर्देशित गरे बमोजिमका कार्यहरु कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

१२. वन जंगल आगलागी बाट बचाउनको लागि शिवपुरी नागार्जुन राष्ट्यि निकुञ्ज र सामुदायिक वन उपभोक्ता समिति संग सहकार्य गरी वन डँढेलो नियन्त्रण सम्बन्धि कार्यक्रम तदारुक्ताका साथ अगाडी बढाइनेछ ।

१३. भूक्षय पहिरो जोखिमको दिर्घकालिन समाधान एवं सरक्षणको लागि प्राकृतिक प्रबिधि बायो इन्जिनियरिङ्ग विधि अबलम्बन गरिनेछ।

१४. सडक दुर्घटना हुन सक्ने सम्भाब्य क्षेत्रमा विपद् जोखिम न्युनीकरणका लागि सानास्तर सम्मका अल्पिकरणका कार्यहरु गरिनेछ। ट्राफिक लाईट, मिरर, संकेत लगायतको व्यवस्थापन गरि सडक सुरक्षा सम्बन्धी व्यवस्थापकीय कार्य अगाडी बढाइनेछ।

१५. वडास्तरीय विपद् व्यवस्थापन स्वयंसेवकहरुको क्षमता अभिबृद्धि एवम आवश्यक सामाग्रीको व्यवस्थापन गरी विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन लगायतका कार्यमा परिचालन गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

### क. मानव स्रोत व्यवस्थापन तथा सेवा प्रवाह

१. सेवा प्रवाहको गुणस्तर वृद्धि गर्न 5S, 6 Sigma, Quality Circle लगायतका Quality Tools को कार्यान्वयन गरिनेछ।

२. सेवा प्रवाहलाई छिटो छरितो बनाउन एकिकृत सेवा प्रवाह प्रणाली तथा Zero Query Modality कार्यान्वय गरिनेछ।

३. नगरपालकाबाट प्रवाह हुने सेवालाई नागरिक वडापत्र Digitize मार्फत SOP निर्धारण गरी हरेक सेवाग्राहीले लिने सेवाको बारेमा स्वयंले पूर्वानुमान गर्न सक्ने व्यवस्था गरिनेछ।

४. नगरपालिकाबाट प्रदान गर्ने, घरबाट लिन सक्ने तथा घरमै सेवा दिने गरि **दैलोमा सरकार**को अवधारण कार्यान्वयन गरिनेछ।

५. नगरपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुख बीच गरिने कार्यसम्पादन करार सम्झौतालाई थप प्रभावकारी बनाइनेछ।

६. कार्य विवरणको आधारमा कार्यसम्पादन सूचक र सूचकका आधारमा वस्तुगत रुपमा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी सोको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ

७. स्थानीय तहको संस्थागत सुशासन तथा सेवा प्रवाहमा भैरहेको असल अभ्यासहरुको अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान गरी नगरपालिकाबाट प्रवाह गरिने सेवामा आन्तरिकीकरण गरिनेछ।

८. नगरपालिका र सबै वडा कार्यालय, स्वास्थ चौकी, नगर अस्पताल र विद्यालयहरुमा अनिर्वाय सुझाव पेटिका राख्ने, सुझावको अभिलेखिकरण गर्ने तथा कार्यान्वयन योग्य सुझावहरुको क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

९. नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको AI Based गुनासो व्यवस्थापन Portal, प्रत्यक्ष तथा भर्चुअल सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी सुझाव सम्बोधनको व्यवस्था मिलाईनेछ।

१०. आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तेस्रो पक्ष मूल्याकन जस्ता कार्यहरुबाट पारदर्शिता कायम गरी स्थानीय सुशासन प्रवर्द्धन गरिनेछ।

११. नियमित प्रशिक्षण तथा अभिमुखीकरण मार्फत जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिमा जोड दिइनेछ।

१२. स्थानीय सरकार सञ्चालन अभ्यास र अनुभव आदान प्रदान गरी नगरको शासन प्रणाली चुस्त, दुरुस्त र छिटो छरितो एवं प्रभावकारी बनाउन फरक पहिचान भएका देश तथा विदेशका स्थानीय तहहरुसँग मित्रवत सम्बन्ध स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३. नगर प्रहरीहरुलाई आवश्यक शान्ति, सुरक्षा, विपद, कार्य तथा प्रतिकार्य आपत्कालिन घटना व्यवस्थापन सम्वन्धमा नेपाली सेना,सशस्त्र प्रहरी वल नेपाल र नेपाल प्रहरीसँग समन्वयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१४. सुचकका आधारमा वडाको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट हुने वडा र वडा समितिका पदाधिकारीलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ।

**१५.** नगरपालिका भित्रका सवै कर्मचारीहरुको रेकर्ड चुस्त दुरुस्त राख्नका लागि PIS System प्रयोगमा ल्याइनेछ।

१६. नगरपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई अन्तराष्ट्रिय गुणस्तर मान्यताको बनाउँदै गुणस्तर प्रमाणीकरणका लागि आवश्यक पहल गरिनेछ।

१७. नगरपालिका भित्रको जनशक्ति पहिचान तथा मानव स्रोत परिचालनका लागि दीर्घकालीन नीति बनाइनेछ।

१८. कर्मचारीबिच समस्या समाधान, सृजनशील अभ्यास तथा कार्यप्रणालीमा सुधारलाई संस्थागत गर्न नवप्रवर्तनमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**१९.** नगरपालिकाबाट प्रवाह हुने सेवासम्बन्धी गुनासा, जिज्ञासा, सुझाव तथा सुधारका विषयहरूको शीघ्र सम्बोधनका लागि AI Based गुनासो व्यवस्थापन प्रणाल कार्यान्वयन गरिनेछ। हेल्प डेस्क, टेलिफोन, सामाजिक सञ्जाल तथा डिजिटल माध्यममा आधारित 'तत्काल गुनासो तथा सुझाव व्यवस्थापन प्रणाली' एंव गुनासो सुनुवाई Real Time बनाई Zero Pending को अवधारणा लागु गरिनेछ।

**ख. सार्वजनिक जग्गा संरक्षण**

१. नगरपालिका भित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाहरु नापजाँच गरी संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२. नगरपालिका भित्र निर्माण भएका सार्वजनिक भौतिक संरचनाहरुको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरि उपयोगिता सुनिश्चित गरिनेछ।

३. सार्वजनिक जग्गा संरक्षण एवं व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा बागमती प्रदेश सरकारसँग आवश्यक समन्वय गरीनेछ।

४. नगरभित्र रहेका सार्वजनिक जग्गाहरुमा अतिक्रमण गरी निर्माण भएका भौतिक संरचनाहरुको स्थलगत नाँपजाँच गरी तयार गरिएको प्रतिवेदनलाई कार्यान्वयन गर्दै लगिनेछ।

५. नापजाँच सम्पन्न भएका सार्वजनिक जग्गाहरुमा आवश्यकता अनुसार पोल तथा तारवार लगाई सूचना पाटी टाँस गरिने कार्यलाई निरन्तरता दिइनेछ। साथै त्यस्ता जग्गाहरुलाई सार्वजनिक पार्क लगायतको संरचनाहरु निर्माणको लागि प्रयोग गरीनेछ।

६. संरक्षित जग्गाहरुको उपयोगको विषयमा आवश्यकता अनुसार सर्वपक्षीय छलफल गरी संरक्षणको क्रियाकलापहरु गरिनेछ।

**७. सार्वजिनक जग्गा संरक्षण सबै नागरिकको दायित्व** अवधारणा कार्यान्वयन गर्न आबश्यक कृयाकलाप सञ्चालन गरिनेछ।

## ग. सूचना प्रविधि

१. प्रविधिमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राखी "**लाइन प्रणाली"** को अन्त्य गर्दै सहज व्यवस्थित र सम्मान जनक वातावरणमा सेवा प्रवाह गर्न **"लाउन्ज (Lounge) प्रणाली"** मा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

२. नगरपालिका र मातहतका कार्यालयबाट प्रवाह गर्ने सेवालाई सरलीकरण गर्दै सूचना प्रविधिमा आधारित "Digitally Demand, Digitally Serve" को नीति अवलम्बन गरिनेछ ।

३. सेवाग्राहीको काम स्वचालित रुपमा सम्पन्न गर्न File Tracking System कार्यान्वयनमा ल्याइनेछ।

४. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन योजना व्यवस्थापन,जिन्सी व्यवस्थापन, भवन निर्माण, आर्थिक प्रशासन सञ्चालन,राजश्व व्यवस्थापन,सार्वजनिक जग्गा/सम्पत्ती, कर्मचारी व्यवस्थापन, गुनासो व्यवस्थापन लगायतका कार्यहरुलाई सूचना प्रविधिमा आधारीत बनाई एकिकृत प्रणाली विकास गरीनेछ ।

५. सबै कार्यालयहरूमा उच्च गतिको Internet, Computer, Server तथा अन्य आवश्यक प्रविधिको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

६. नगरपालिका तथा मातहतका कार्यालयहरुबाट सम्पादित कार्यहरुको बुढानीलकण्ठ मोबाईल एपमा नियमित अद्यावधिक गरिनेछ साथै विभिन्न सामाजिक सञ्जालहरु मार्फत नगरवासीमा सूचना सम्प्रेषणको व्यवस्था मिलाइनेछ ।

७. नगरपालिका मातहतका कार्यालयको वेभसाइट, न्यूजपोर्टल र सामाजिक सञ्जाललाई रचनात्मक, अन्तरक्रियात्मक एवं क्रियाशील बनाइनेछ ।

८. स्थानीय सञ्चार माध्यम तथा पेशागत संघ सस्थाहरुसँगको सहकार्यमा सञ्चारकर्मीहरुको व्यवसायीक दक्षता अभिवृद्धि गरी सूचना तथा समाचार प्रवाहलाई मर्यादित,विशिष्टिकृत तथा प्रभावकारी बनाईनेछ ।

९. सुचना प्रविधि सम्वद्ध विद्युतिय अपराध नियन्त्रणको लागि सरोकारवाला निकायहरुसँग समन्वय गरी विद्यालय स्तर देखिनै अभिमुखिकरण लगायतका कार्यक्रमहरु सञ्चालन गरीनेछ।

१०. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन को नीतिलाई निरन्तरता दिईनेछ ।

११. GIS Based House Numbering परियोजनाको खरिद प्रकृया सम्पन्न गरी प्रत्येक घरको मेट्रिक प्रणालीमा आधारित घर नम्बर उपलब्ध गराई उक्त परियोजनालाई नगरपालिकाको सेवा प्रवाहसंग आवद्ध गरिनेछ ।

१२. नगरमा सिसिटिभि जडान गरिने कार्यलाई निरन्तरता दिई **Digital Urban Security System** निर्माण गरी सुरक्षित नगर Eco Sytstem निर्माण गरिनेछ ।

१३. नगरको राजश्व संकलन, अनलाईन भुक्तानी, घर नक्सा लगायतका सेवा प्रवाहलाई अनलाईनको माध्यम बाट घरमै बसेर सेवा लिन सकिने कार्यलाई थप प्रभावकारी वनाईनेछ ।

१४. नगरपालिका भित्रका भौतिक संरचना, जिन्सी तथा अभिलेख एकिकृत रुपमा Digitally स्टोर र व्यवस्थापन गरिने छ ।

१५. पुराना घरनक्सा सम्बन्धी फाईलहरूलाई Digitize गर्नुका साथै EBPS लाई क्रमश: AI Based बनाउदै सेवाग्राही मैत्री बनाईनेछ ।

१६. डेटा सुरक्षा र गोपनीयता नीति (Data Protection & Privacy Policy) को लागि आवश्यक व्यवस्था कार्यान्वयन गरिनेछ।

१७. नगरपालिका र अन्तर्गतका कार्यालयहरूमा उच्च गतिको Internet, Computer, अन्य ICT प्रविधिको उच्चतम उपयोग गरिनेछ।

१८. मोबाईल एपलाई AI Based बनाई एकिकृत सेवा सोही एपमा आवद्ध गरिनेछ।

१९. कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धी गरी सेवा प्रवाहलाई गुणस्तरिय एवं सुरक्षित बनाइनेछ।

२०. सबै वडा कार्यालय तथा स्वास्थ संस्थाहरूमा नागरिक बडापत्रलाई डिजिटल रूपमा विकास गरी सेवामा पारदर्शी, पहुँचयोग्य, सूचना प्रविधि मैत्री र अन्तरकृयात्मक बनाईनेछ साथै हेलो बुढानीलकण्ठसंग आवद्ध गरी AI Based बनाईनेछ।

२१. नगरपालिकाका अन्तरगतका कार्यालयहरू, पार्क र सार्वजनिक स्थानहरूमा फ्रि वाईफाईको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइनेछ।

२२. नगरपालिका र अन्तर्गतका कार्यालयको वेभसाइट, न्यूजपोर्टल र सामाजिक सञ्जाललाई रचनात्मक, अन्तरक्रियात्मक एवं क्रियाशील बनाइनेछ।

२३. सञ्चारकर्मीहरुको व्यवसायीक दक्षता अभिवृद्धि तथा पेशागत सुरक्षालाइ ख्याल गरी सरोकारवाला पक्षहरुसँग समन्वय गरी सञ्चारमाध्यमको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। साथै स्थानीय सञ्चार माध्यमहरुको कार्य सम्पादन र प्रभावकारीताको आधारमा साझेदारीको नीति अवलम्बन गरिनेछ।

२४. **Idea to Hackathon, AI Boot Camp, Digital Market** कार्यक्रम सञ्चालन गरि नवयूवालाई प्रविधि मैत्री र उद्यमशीलतामा आवद्ध गरिनेछ।

२५. सामुदायिक विद्यालयका शिक्षकहरुको ई हाजिरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिई विद्यार्थीहरुको पनि हाजिरी क्रमशः ई हाजिरी गरी मूल्याङ्कन तथा सेवा प्रवाहमा ई हाजिरी रेकर्डलाई आवद्ध गरिनेछ।

## घ. न्यायिक समिति

१. न्यायिक असल अभ्यासको आदानप्रदान र सुदृढीकरणका लागि प्रतिनिधिमूलक एक न्यायिक सम्मेलन/संवादको आयोजना गरिनेछ।

२. मेलमिलापकर्ताको कार्य क्षमतामा प्रभावकारीता अभिवृद्धि गर्न क्षमता विकास लगायतका कार्यलाई निरन्तरता दिइनेछ।

३. मेलमिलाप कार्यलाई वडा स्तरमा सशक्त बनाई दिगो समाधानका लागि मेलमिलाप केन्द्रका सुदृढीकरण गरिनेछ। साथै बहिरा र दृष्टिविहिन अपाङ्गताको लागि Translator र अडियो व्यवस्था गरिनेछ।

४. जनप्रतिनिधिलाई कानुनी साक्षरता र मेलमिलापसम्बन्धी तालिम दिई व्यवहारिक क्षमता अभिवृद्धि गरिनेछ।

५. कानूनका विद्यार्थी, मेलमिलापकर्ता तथा सामाजिक न्यायमा रुचि राख्ने युवाहरुलाई न्यायिक समितिमा इन्टर्नसीप अवसर प्रदान गरिनेछ।

६. नगरपालिकाद्वारा जारी भएका ऐन, निर्देशिका र कार्यविधि मापडण्ड लगायतको समिक्षा गरी आवश्यकता अनुसार संशोधन, एकीकृत तथा अद्यावधिक गरिनेछ।
७. मुद्दा, मेलमिलाप लगायत न्यायिक कार्यको लागि प्रविधिमा आधारित न्यायिक अभिलेख व्यवस्थापन प्रणाली लागु गरीनेछ
८. न्यायिक समितिको पाँच वर्षे कार्यसम्पादन प्रगति प्रतिवेदन तयारी गरी सार्वजनिक गरिनेछ।

**ङ. अध्ययन तथा अनुसन्धान**

१. बुढानीलकण्ठ नगरपालिकाको लागि आवश्यक विषयहरूमा अध्ययन अनुसन्धान गर्न चाहाने बुढानीलकण्ठ नगरपालिकामा स्थायी बसोबास गर्ने विश्वविद्यालयका (स्नात्तोकोत्तर र विद्यावारिधी) विद्यार्थीहरूलाई सहजीकरण प्रर्वद्धन तथा सहायता प्रदान गरिनेछ।
२. नगरपालिकाको विषयगत शाखा तथा महाशाखाको कार्यक्रमहरूलाई अध्ययन अनुसन्धानमा आधारीत बनाइनेछ।
३. अध्ययन अनुसन्धान कार्यलाई दिगो बनाउन नगरपालिकाको सामुदायिक क्याम्पस, विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ।
४. नगरपालिकाले विभिन्न बिषयको अध्ययन, अनुसन्धान, र नवप्रवर्तनलाई प्राथमिकता दिई अध्ययन/अनुसन्धानबाट प्राप्त प्रतिवेदन सहितको सिफारिसलाई बजेट व्यवस्थापन सहित कार्यान्वयन गरिनेछ।
५. नगरपालिका भित्र वसोबास गर्ने राजनितीज्ञ, समाजसेवी, बुद्धिजिवी, शिक्षक प्राध्यापक, विशेषज्ञ, पूर्व राष्ट्र सेवकहरु, नवप्रर्वद्धनात्मक सोच भएका युवा, जेष्ठ नागरिक लगायतमा रहेको ज्ञान सिप अनुभव र विज्ञतालाई संरक्षण र प्रवर्द्धनका लागि नलेज बैंकको स्थापना गरि नगर विकासको विभिन्न आयामहरुमा परिचालन गरिनेछ। साथै बौद्धिक सम्पत्तिहरुको संरक्षण, योगदान र सम्मानको लागि विभिन्न क्षेत्रका विज्ञहरुको रोष्टर तयार गरी नगरको समृद्धीमा उपयोग गरिने नीति लिइनेछ।

## आर्थिक प्रशासन व्यवस्थापन

**क. राजस्व व्यवस्थापन सम्बन्धी नीति**

१. नगरपालिकाको आन्तरिक श्रोतको क्षमता अभिवृद्धि गर्न राजस्व व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन राजस्वको दायरा विस्तार एवम दरमा समयानुकुल पुनरावलोकन गरी प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ।
२. विद्युतीय राजस्व सङ्कलन प्रणालीलाई थप प्रभावकारी बनाउँदै करदाताहरूको विद्युतीय लगत राख्ने व्यवस्था मिलाइनेछ।
३. राजस्व प्रशासनलाई प्रभावकारी, पारदर्शी, प्रविधिमैत्री तथा करदातामैत्री बनाईनेछ। त्यसका लागि एक छुट्टै राजस्व प्रशासन विधेयक तयार गरी कार्यान्वयन गरिनेछ।
४. **"नगरपालिकाको प्राथमिकता: करदाताको सहजता"** भन्ने नारालाई सार्थक पार्न **राजस्व सङ्कलनका लागि घरदैलो अभियान** सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
५. नगरको सौन्दर्यतामा समेत ध्यान दिई विज्ञापनजन्य सामग्रीको नियमन गर्दै विज्ञापन करलाई थप व्यवस्थित गरिनेछ।

६. धारा, बिजुली जडान गर्ने, बैङ्क तथा वित्तिय संस्थाहरूमा कारोबार गर्ने, मालपोत कार्यालयमा घरजग्गा पास गर्ने लगायतका कार्यहरू गर्दा नगरपालिकामा बुझाउनुपर्ने सम्बन्धित करहरू (सम्पत्ति कर, भूमिकर, बहाल कर, व्यवसाय कर, विज्ञापन कर आदि) चुक्ता गरेको प्रमाण अनिवार्य गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

७. नगरपालिकाबाट प्रवाह गरिने सेवाका लागि सम्बन्धित करदाताले अनिवार्य रूपमा गत वर्षको कर चुक्ता गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

८. राजस्व छली तथा चुहावटको नियमन र नियन्त्रण र राजस्व दायरा बृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ।

९. कर सचेतना अभिवृद्धि गर्न सरोकारवाला व्यक्ति, समुदाय स्थानीय टोल विकास संस्था लगायतसँग समन्वय र सहकार्य गरी करदाता शिक्षा तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. करदाता सहजीकरणको लागि नगरपालिकामा स्थापित करदाता सहायता कक्ष सञ्चालनलाई निरन्तरता दिइनेछ।

११. करदाताहरूको वर्गीकरण गरी करदतालाई प्रोत्साहन गर्न उत्कृष्ट करदातालाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१२. रूद्रमती(धोविखोला), विष्णुमती नदी लगायत नदीहरुमा जम्मा हुने बालुवा अनाधिकृत रूपमा उत्खनन एवम् सङ्कलन गरी बिक्री वितरण गरिने कार्यलाई नियन्त्रण गरिनेछ ।माटो, ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोत परिचालनका लागि सम्भाव्यता अध्ययन गरी सो को प्रतिवेदनका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।

१३. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तर करको दायरामा नआएका संस्थागत विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्था तथा अन्य औद्योगिक एवं व्यापारिक प्रतिष्ठानहरूलाई करको दायरामा ल्याउन सार्थक पहल गरिनेछ।

१४. करको दायरामा नआउने व्यक्ति संस्था व्यवसायी लगायतलाई कर प्रणालीमा आवद्ध गरेपश्चात सेवा प्रवाह गर्ने प्रवन्ध गर्ने निति लिइनेछ।

**ख. आर्थिक प्रशासन सञ्चालन**

१. आर्थिक प्रशासन सञ्चालन सम्बन्धी गतिविधिहरुलाई पूर्ण रुपमा विद्युतिय सूचना प्रणालीमा आवद्ध गरीनेछ

२. आर्थिक प्रशासन सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित कानुन बमोजिम सञ्चालन गरी पारदर्शिता, मितव्ययिता, प्रभावकारीता,औचित्यता र जवाफदेहिता अभिवृद्धि गरिने छ।

३. निर्माणकार्यमा संलग्न उपभोक्ता समिति तथा टोल विकास समितिका पदाधिकारीहरुलाई जिम्मेवार र जवाफदेहि बनाईनेछ।

४. जन प्रधिनीधि, कर्मचारी उपभोक्ता समितिका पदाधिकारी लागयतलाई भुक्तानीका लागि तयार गर्नुपर्ने कागजात लगायतका विषयमा आर्थिक प्रशासन सम्बन्धी तालिम एवं Auto Screening को व्यवस्था गरिनेछ।

**ग. आन्तरिक नियन्त्रण तथा वित्तिय जोखिम न्युनिकरण**

१. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ।

२. नगरपालिका कार्यालयको हालसम्मको वेरुजु लगत अद्यावधिक गरी सोको फर्छौयोट गर्ने साथै बेरुजु न्युनिकरण गर्ने गरी आन्तरीक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाईनेछ।

३. नगरपालिका तथा मातहतको कार्यालयहरुको अनुत्पादक खर्चलाई कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरीनेछ ।

४. आन्तरीक लेखापरीक्षणलाई श्रोत साधन सम्पन्न गरी स्वायत्त स्वतन्त्रता कायम गर्दै आन्तरीक लेखा परिक्षणलाई प्रभावकारी,वस्तुगत र यथार्थपरक वनाईनेछ ।

५. आन्तरीक लेखा परिक्षणले औँल्याएका वेरुजुहरुलाई अन्तिम लेखा परिक्षण हुनु अगावै फछर्यौट गर्ने गरी प्रभावकारी संयन्त्रको व्यवस्था गर्दै सम्बन्धित जिम्मेवार पदाधिकारी/संस्थालाई जवाफदेहि बनाईनेछ।

६. आर्थिक प्रशासनको पारदर्शिता र विश्वशनियता अभिवृद्धि गर्न नगरपालिकाको आय र व्यय नियमित रुपमा सार्वजनिक गरिनेछ ।

## साझेदारी, समन्वय एंव सहकार्य

### क. अन्तरपालिका सहकार्य

१. बुढानीलकण्ठ नगरपालिकाको धार्मिक, सामाजिक, साँस्कृतिक, पर्यटकिय क्षेत्रसंग मेल खाने देश भित्र तथा बाहिरका नगरपालिकाहरुसंग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

२. यस अघि भगिनी सम्बन्ध कायम भएका स्थानीय तहहरुसंगको सम्बन्धलाई नविकरण गरी सुमधुर सम्बन्ध बढाउदै लगिनेछ ।

३. शे फोक्सुण्डो ताल, रारा ताल, छो रोल्पा ताल, रुरु क्षेत्र लगायतका राष्ट्रिय पर्यटकिय स्थलमा आपसी साझेदारीमा बुढानीलकण्ठ नगरपालिकाको पहिचान झल्किने गेट तथा फल्चा एवं पहिचानयुक्त पूर्वाधार निर्माण गरिनेछ ।

### ख. अन्तराष्ट्रिय सम्बन्ध विस्तार

१. विभिन्न देशका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध स्थापित गरी अनुभव तथा प्रविधि आदान प्रदान गर्नुका साथै नगरपालिकाले छनौट गरेका आयोजनाहरुमा लगानीको वातावरण तयार गरिनेछ ।

२. नेपाल भित्र रहेका विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।